
भदौ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २४, अङ्क १० | २०७२, भदौ १६–३१ | पूर्णाङ्क ५५६ |
|---|---|---|


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं



फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद्** : उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| पूर्ण इजलास | १९ |
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | ११ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ९ | १ |
| एकल इजलास | २ |
| रीत / बेरीत आदेश | ४ |
| जम्मा | ७७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, भदौ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| विशेष इजलास | | | १ |
| १. | उत्प्रेषण / परमादेश | लालकुमारी पोखरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| पूर्ण इजलास | | | १-२ |
| २. | उत्प्रेषण/ परमादेश | लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. शिवकुमार बस्नेत | |
| संयुक्त इजलास | | | ३-९ |
| ३. | करारको यथावत् परिपालना | पृथ्वीप्रसाद रोका वि. विनोदमोहन आचार्य | |
| ४. | मोही नामसारी | केशवप्रसाद खनाल वि. पुरूषोत्तम खनाल | |
| ५. | लिखत दर्ता बदर | ममता घलेसमेत वि. रामबहादुर घलेसमेत | |
| ६. | अंश चलन | कमललाल धामी वि. नेफीलाल राजधामी | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रञ्जित बेलदार | |
| ८. | आयकर | आन्तरिक राजस्व कार्यालय, विराटनगर वि. पशुपति ट्युब मिल्स प्रा.लि. | |
| ९. | उत्प्रेषण/ प्रतिषेध | भोलाबहादुर रावल वि. गृह मन्त्रालयसमेत | |
| १०. | उत्प्रेषण/ परमादेश | टीकाराम लिम्बू वि. उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनी सानोगौचरण, काठमाडौंसमेत | |
| ११. | उत्प्रेषण/ परमादेश | पूर्णसिंह बस्नेत वि. माननीय गृह मन्त्री, गृह मन्त्रालयसमेत | |
| १२. | कर्तव्य ज्यान | धनबहादुर राई वि. नेपाल सरकार | |
| इजलास नं. १ | | | १०-१२ |
| १३. | पर्खाल भत्काई जग्गा खिचोला चलन | विद्यानन्द राय यादव वि. सन्तोष यादव | |
| १४. | नक्सा पास र नक्सासमेत बदर गरिपाउँ | रामाकान्त तेली वि. कमला ठाकुरसमेत | |
| १५. | अवैध काठ चोरी | नेपाल सरकार वि. आइतराम थिङसमेत | |
| १६. | जबर्जस्ती करणी | मानबहादुर कार्की वि. नेपाल सरकार | |
| इजलास नं. २ | | | १२-१५ |
| १७. | कर्तव्य ज्यान | गणेशबहादुर बस्नेत वि. नेपाल सरकार | |
| १८. | गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. हरेकृष्ण भगत | |
| १९. | कर्तव्य ज्यान जबरजस्ती चोरी | कालुराम भन्ने पृथी राईसमेत वि. नेपाल सरकार | |
| इजलास नं. ३ | | | १५-२० |
| २०. | परमादेश जारी गरिपाऊँ | रामप्रताप खड्का वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत | |
| २१. | कर्तव्य ज्यान | शिवप्रसाद गौतम वि. नेपाल सरकार | |
| २२. | उत्प्रेषण / परमादेश | दिलिपबहादुर भन्ने ताराबहादुर रानामगर वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| २३. | लेनदेन | गोपालप्रसाद शर्मा वि. इश्वरीप्रसाद साह | |
| २४. | अदालतको अपहेलना | चित्राकुमारी गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | |
| २५. | कर्तव्य ज्यान | नेपाल सकार वि. दिनेश वलीसमेत | |
| २६. | मोही नामसारी | दुर्गानन्द मण्डल धानुकसमेत वि. शम्भुप्रसाद मण्डल | |
| २७. | उत्प्रेषण/ परमादेश | दिनेशप्रसाद जयसवाल वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत | |

| इजलास नं. ४ | | २०-२७ |
| --- | --- | --- |
| २८. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता पुष्पराज पौडेल वि. कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंसमेत |
| २९. | डाँका चोरी | बलिराम कोहार वि. नेपाल सरकार |
| ३०. | उत्प्रेषण / परमादेश | रामरतन थारू वि. पवनकुमार अग्रवालसमेत |
| ३१. | सम्पत्ति शुद्धीकरण | माधवकुमार भगत वि. नेपाल सरकार |
| ३२. | अंश दर्ता | कुशेश्वरप्रसाद शर्मा वि. अशेश्वरप्रसाद शर्मासमेत |
| ३३. | लेनदेन | चिरञ्जिवी गुप्ता वि. बामदेव डाँगी |
| ३४. | उत्प्रेषण/ परमादेश | पवित्रा बस्नेतसमेत वि. मालपोत कार्यालय बेलबारी मोरङसमेत |
| ३५. | उत्प्रेषण | सुनैना यादवनी वि. लरूवती यादवसमेत |
| ३६. | हातहतियार खरखजाना | नेपाल सरकार वि. कालीमाता भन्ने नरिन्ताकुमारी शाहसमेत |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गगन रानासमेत |
| **इजलास नं. ५** | | **२७-३१** |
| ३८. | उत्प्रेषण/ परमादेश | जोगी राना थारू वि. कुवरिया रानासमेत |
| ३९. | उत्प्रेषण | वीरेन्द्र प्रसाद चौहानसमेत वि. अजयकुमार चौहानसमेत |
| ४०. | उत्प्रेषण | भरत घले वि. जिल्ला वन कार्यालय, काठमाडौंसमेत |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोहितकुमार कार्की |
| ४२. | कर्तव्य ज्यान | राजकुमार भन्ने फुर्वा दोर्जे तामाङ वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | मनवीर लिम्बू वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **३१** |
| ४४. | जालसाजी | लक्ष्मी केशरी श्रेष्ठ वि. विकुमाया चक्रधरसमेत |

| इजलास नं. ७ | | ३२-३४ |
| --- | --- | --- |
| ५१. | उत्प्रेषण | राजमान शाक्य वि. मालपोत कार्यालय, पर्सासमेत |
| ५२. | उत्प्रेषण/ परमादेश | भिष्मप्रसाद जोशी वि. त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय, कीर्तिपुर काठमाडौंसमेत |
| ५३. | उत्प्रेषण/ परमादेश | साबित्री भट्टराई वि. कार्यकारी परिषद् त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौंसमेत |
| ५४. | हातहतियार खरखजाना | नेपाल सरकार वि. महानन्द सडोक यादव |
| ५५. | हातहतियार खरखजाना | नेपाल सरकार वि. अमृत भन्ने नरेन्द्रप्रसाद यादव |
| **इजलास नं.९** | | **३४-३५** |
| ५६. | अंश चलन | अर्विनरत्न शाक्य वि. अमिररत्न शाक्यसमेत |
| **एकल इजलास** | | **३५-३६** |
| ५७. | उत्प्रेषण/ परमादेश | नारायणदत्त पौडेल वि. पुष्पराम के.सी.समेत |
| ५८. | उत्प्रेषण/ परमादेश | शेरबहादुर घले गुरूङसमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत |
| **रीत / बेरीत आदेश** | | **३६-३८** |
| ५९. | भ्रष्टाचार | नेपाल सरकार वि. अच्युतकृष्ण खरेलसमेत |
| ६०. | उत्प्रेषण | सोनाम छिरिङ शेर्पा वि. नोर्बु वाङ्गेल लामा |
| ६१. | जालसाजी | मु.स. गर्ने खैतुन तेसा वि. तेतरी मियाइनीसमेत |
| ६२. | परमादेश | विरक्त स्वामी सम्बुद्धसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत |

## विशेष इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WS-००६५, उत्प्रेषण / परमादेश, *लालकुमारी पोखरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

एकपटक कुनै शैक्षिक सत्रमा कुनै शैक्षिक तहमा भर्ना भएपछि जतिसुकै वर्षसम्म पनि शैक्षिक वर्ष निरन्तर चलिरहन्छ भन्न मिल्ने हुँदैन । तह पार भएपछिको हकमा स्वाभाविकरूपमा सो तहको विद्यार्थी कायम नरहन सक्ने र नयाँ तहमा भर्ना भएपछि नयाँ विद्यार्थीको रूपमा निजको उपस्थिति हुने हुँदा विश्वविद्यालयले सबै कुराहरूलाई विचार गरी शैक्षिक तह र स्व.वि.यू.उम्मेद्वार प्रयोजनको लागि विद्यार्थीको उमेर हद निर्धारण गर्नसक्ने नै देखिने ।

कानूनबमोजिम नियम बनाउन तथा संशोधन गर्न पाउने आधिकारिक निकाय त्रिभुवन विश्वविद्यालय सभाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा गरेको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाउने गरी नियम संशोधन भएको रहेछ भनी अर्थ गर्न मिल्ने अवस्था विद्यमान नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । तसर्थ रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली
इति संवत् २०७१ साल जेठ २९ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-NF-००३३, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. शिवकुमार बस्नेत*

संशोधन हुनुपूर्वको कानूनी व्यवस्थाले निजामती कर्मचारीले हासिल गरेको अतिरिक्त शैक्षिक उपाधिको स्तर निर्धारण गर्ने व्यवस्था गरेको देखिन्छ भने चौथो संशोधनपछाडि सम्बद्धता गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । जतिबेला जस्तो कानूनी व्यवस्था बहाल रहेको छ त्यतिबेला भए गरेका काम कारवाही सोही कानूनी व्यवस्थाबमोजिम गरिनु पर्ने भन्ने कानूनको शासन (Rule of Law) को मुख्य अभीष्ट हो । उक्त नियमावलीको नियम १२७ मा संशोधन हुनुपूर्व संशोधनपछाडिको जस्तो स्तर निर्धारण गर्ने निकाय तोकेको देखिँदैन । निजामती सेवा ऐनमा पनि स्तर निर्धारण गर्नुपर्ने सम्बन्धमा कुनै व्यवस्था गरेको देखिँदैन । तत्काल प्रचलनमा रहेको श्री ५ को सरकारको (कार्य विभाजन) नियमावली, २०५७ को अनुसूची २ को क्रम सङ्ख्या ९ को देहाय १५ को खण्ड (छ) मा आफ्नो मन्त्रालयसँग सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवाको लागि आवश्यक पर्ने कार्य जलस्रोत मन्त्रालयको हुने भनी भएको व्यवस्थाबमोजिम जलस्रोत मन्त्रालयको सहसचिवको अध्यक्षतामा बसेको बैठकले विपक्षीको शैक्षिक उपाधि स्तर निर्धारणको सिफारिस गरेपछि लोक सेवा आयोगले सम्बद्धता नभएको भनी अङ्क प्रदान गर्न नमिल्ने हुँदैन । यदि कानून स्पष्ट छ भने Impunity अवस्था सिर्जना हुने गरी अदालतले कहिले पनि व्याख्या गर्न नमिल्ने ।

कुनै दुई मुद्दाहरू तथ्यगतरूपमा केही मात्रामा समानता देखिएको भन्ने आधारमा मात्र ती मुद्दाहरूको सम्पूर्ण विषयवस्तु एकै प्रकृति र अवस्थाका हुन् भन्न मिल्ने हुँदैन । मूलतः दुवै रिट निवेदनमा निवेदकहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम लोक सेवा आयोगले गरेको निर्णयउपर प्रस्तुत रिट निवेदन परेको तथ्यगत अवस्था भए पनि यस अदालतबाट लोक सेवा आयोगसमेतको नाममा आदेश

गर्दा मुख्यरूपमा लिइएका आधारलाई नहेरी दुवै रिट निवेदनमा उपस्थित भएको निरूपण गर्नुपर्ने विषयवस्तु एक समान रहेको मान्न नमिल्ने हुँदा यस अदालतबाट मिति २०६५।९।११ मा पुनरावलोकन गरी हेर्न प्रदान गरिएको निस्सासँग यो इजलास सहमत हुन नसक्ने।

माथि गरिएको विवेचनाको आधारमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा भएको आदेश डिकरदेव भट्टको मुद्दामा मिति २०६४।१।२५ मा भएको आदेशसँग बाझिएको नदेखिँदा मागबमोजिम आदेश जारी गर्न नमिल्ने भई निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७१ साल असोज २ गते रोज ५ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६५-NF-००३३, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. टंकप्रसाद काफ्ले*
- ०६५-NF-००३४, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. टंकप्रसाद काफ्ले*
- ०६५-NF-००३५, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. रमेशबन्धु अर्याल*
- ०६५-NF-००३६, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. श्यामबहादुर कार्की*
- ०६५-NF-००३७, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. विजयशङ्कर मिश्र*
- ०६५-NF-००३८, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. मोतिराज गौतम*
- ०६५-NF-००३९, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. शशिबहादुर विष्ट*
- ०६५-NF-००४०, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. नेत्रबहादुर कार्की*
- ०६५-NF-००४१, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. कृष्णप्रसाद सुवेदी*
- ०६५-NF-००४२, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमल पोखरी वि. मधुकर राना*
- ०६५-NF-००४३, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. सञ्जु उपाध्याय*
- ०६५-NF-००४४, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. नन्दकिशोर अमात्यसमेत*
- ०६५-NF-००४५, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. वीरेन्द्र महासेठ*
- ०६५-NF-००४६, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. मुक्तिलाल शाह*
- ०६५-NF-००४७, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. रामप्रसाद पाठक*
- ०६५-NF-००४८, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. गणेशबहादुर कँडेल*
- ०६५-NF-००४९, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. सञ्जयकुमार श्रेष्ठ*
- ०६५-NF-००५०, उत्प्रेषण/परमादेश, *लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी वि. अनन्त आचार्य*

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-CI-०३७७, करारको यथावत् परिपालना, *पृथ्वीप्रसाद रोका वि. विनोदमोहन आचार्य*

करारको अवधि समाप्त भएपछि कुनै काम कारवाही गर्न लाग्ने आशङ्काको स्थिति उत्पन्न हुन नआउने भएबाट करारको अवधि समाप्त भइसकेपछि सो दफाबमोजिम आदेश जारी गर्न मिल्ने नहुँदा माथि विवेचित आधार र कारणहरूबाट करारको अवधि मिति २०६६।१२।१२ सम्म रहेकमा सो सम्झौताको अवधि समाप्त भएपछि मिति २०६७।४।२१ मा मात्र निवेदकले करारको यथावत् परिपालना गरिपाउँ भनी करार ऐन, २०५६ को दफा ८७(१) बमोजिम निवेदन दिएको देखिँदा निष्क्रिय भइसकेको करारका सम्बन्धमा आदेश जारी गर्न नमिल्ने भनी निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर सेटिङः विकेश गुरागाई

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१२३२, मोही नामसारी, *केशवप्रसाद खनाल वि. पुरूषोत्तम खनाल*

नापी हुँदाकै अवस्थामा फिल्डबुकमा र जग्गाधनी प्रमाण पुर्जामा समेत मोहीको नाउँ जनिएको, प्रतिवादीका पिताले मोही स्वीकार गरी निजको पालामा मोही लगत कट्टा गर्न नसकी कानूनीरूपमा साबिकदेखि नै मोही कायम रहेको अवस्था, जग्गाधनी र मोही भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) अन्तर्गतको एकासगोलको परिवारभित्रको सदस्य भएको नदेखिनुको साथै वादी यिनै प्रतिवादी र प्रतिवादी यिनै वादी भएको ०६८-CI-१२३३ को मोही लगत कट्टा मुद्दामा वादीको दाबी पुग्न नसक्ने ठहरी आज यसै इजलासबाट फैसला भइसकेको आधार र कारणबाट भूमिसुधार कार्यालय, काठमार्डौको मिति २०६७।३।२८ को फैसला उल्टी गरी विवादित कि.नं. १४२ को जग्गाको मोही हक वादीको नाममा नामसारी हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल माघ २ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६८-CI-१२३३, मोही लगत कट्टा, *केशवप्रसाद खनाल वि. पुरूषोत्तम खनाल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०००१, लिखत दर्ता बदर, *ममता घलेसमेत वि. रामबहादुर घलेसमेत*

प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको मिति २०६८।१।४ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ मा उल्लिखित संशोधन भएपश्चात् मिति २०६८।४।१ मा मात्र प्रस्तुत मुद्दाको पुनरावेदनपत्र यस अदालतमा दायर भएको देखिँदा रू.३५,०००।- बिगो रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदनको रोहमा विचार गरी हेर्न मिल्ने अवस्थासमेत नदेखिने।

माथि विवेचना गरिएअनुसार आफ्नो पालामा आर्जन गरेको चल अचल सम्पत्ति आफूखुस गर्न पाउने, विवादित लिखत पारित हुँदाका बखत यी पुनरावेदक वादीहरू मिलन घले, ममता घले र शर्मिला घले २१ वर्षभन्दा कम उमेरका हुँदा लिखत पारित

गरी दिन निजहरूको मन्जुरी आवश्यक नपर्ने र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) (ग) को कानूनी व्यवस्थाअनुसार रू. ३५,०००।- बिगो रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदनसमेत लाग्न नसक्ने अवस्था हुँदा यी पुनरावेदक वादीहरूको दाबी एवम् पुनरावेदन जिकिर कानूनसम्मत देखिएन। वादीमध्येकी विष्णुमाया घलेको हकमा ६ भागको १ भाग लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादीहरूको पुनरावेदन नपरेको अवस्था हुँदा सो फैसला अन्यथा गरिरहनु पर्ने अवस्था नरहने भई पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरू मिलन घले, ममता घले र शर्मिला घलेको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१०११, अंश चलन, *कमललाल धामी वि. नेफीलाल राजधामी*

पिताले छोराउपर अंश माग गरे तापनि फिरादी पिताको उमेर ७५ वर्षको वृद्ध अवस्था रहेको हुँदा पिता नाताका वादीले प्रतिवादीको हेरविचार गर्ने नभई छोरा नाताका प्रतिवादीले पिता अर्थात् वादीको हेरविचार, स्याहारसुसार गर्नुपर्ने अवस्था रहेको छ। उक्त तथ्यलाई प्रतिवादी स्वयम्ले प्रतिवाद गर्दा स्वीकार गरेका छन्। तसर्थ मुलुकी ऐन, अंशबन्डाको महलको १ नं., १० नं. र १०ख. नं. समेतको कानूनी व्यवस्थाअनुरूप वादीले प्रतिवादीबाट आफ्नो भाग अंश छुट्टयाई लिन पाउने देखिने।

केवल भौतिक सम्पत्ति आफ्नो नाममा हुने तर व्यावहारिकरूपमा सगोलका अंसियारले त्यसमाथिको नियन्त्रण गरी वृद्ध बाबुआमाप्रतिको हेरविचार गर्ने जस्तो कानूनी, सामाजिक एवम् पारिवारिक दायित्व निर्वाह नगरेकाले आफ्नो अंश हक छुट्टयाइपाउँ भनी अंश माग गरेको अवस्थामा स्वयम् वादीका नाममा सम्पत्ति भएकाले दाबी नपुग्ने भनी अर्थ गर्नु मुलुकी ऐन, अंशबन्डाको महलको विपरीत हुनुका साथै हेरविचार गर्ने कर्तव्य भएका संगोलका अंसियारले कमजोर अंसियारको सम्पत्तिमाथि निन्यत्रण गर्ने कार्यले पश्रय पाउने र त्यस्तो सम्पत्तिका स्वामित्ववाला रहेका यस्ता कमजोर अंसियारले आफ्नो अंश हकको सम्पत्तिको भोग, उपयोग तथा परिचालन गर्न नपाउने भई अन्याय हुने हुँदा पुनरावेदक प्रतिवादीको उल्लिखित जिकिरसँग सहमत हुन नसकिने।

मिति २०६१।९।२९ र.नं. ३७११(ख) बाट मानो जोरिई एकासगोलमा रहेका वादी नेफिलाल राजधामी र प्रतिवादी कमललाल धामी सगोलका अंसियार देखिँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई सोमध्ये एक भाग अंश वादीले छुट्टयाई लिन पाउने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।३।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर ५ गते रोज ६ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रञ्जित बेलदार*

भवितव्य हुन कसुरदारले मृतकको ज्यान लिनेसम्मको इविलाग वा मनसाय नभएको र निजले गरेको कार्यले मानिस मर्लाजस्तो नदेखिएको अवस्था हुनुपर्दछ। यसमा मनसाय तत्त्वको पूर्णरूपमा अभाव हुनुका साथै आफूले गरेको कार्यबाट मानिस मर्नसक्ने परिमाणको ज्ञानको अभाव हुनुपर्दछ। यसमा काम गर्दा

उचित सावधानी र सतर्कता अपनाइएको वा उचित होस् नपुर्‍याई वा हेलचक्र्याई गरी काम गरेको परिणाम भवितव्य परेको प्रमाणित भएको हुनुपर्दछ। कुनै एउटा उचित र कानूनसम्मत कामको लागि प्रयोग भएको साधनले अचानक भूलबस कुनै व्यक्तिलाई लागि ज्यान गएको अवस्था भवितव्य हुन सक्दछ तर ज्यानमार्ने मनसाय नभए पनि जोखिमी साधन वा हतियारले कसैलाई ताकेर प्रहार गरिन्छ र त्यस प्रहारबाट कसैको ज्यान गएमा त्यस्तो कसुर भवितव्यको दायरामा पर्न नसक्ने।

प्रस्तुत मुद्दामा प्रतिवादीले हतियार साथमा लिई मृतकलाई मार्ने तयारी गरी मृतक उपर प्रहार गरेको नभई मृतक मादक पदार्थ सेवन गरी प्रतिवादीको घरको ढोकाबाट फलामको सरिया घुसाई गाली गलौजसमेत गरेको कार्यबाट तत्काल उठेको रिसको कारण उत्तेजित भई प्रतिवादीले मृतकको हातको सरिया खोसी मृतकउपर प्रहार गरेको अवस्था छ। फलामको सरियाले टाउकोसमेतका मर्म स्थानमा प्रहार गर्दा मानिस मर्नसक्ने अवस्था रहने हुन्छ प्रतिवादीलाई तत्काल उठेको रिसको कारण मृतकलाई ताकेर फलामको सरियाले प्रहार गरेकाले मृतकको मृत्यु भएको अवस्था हुँदा उक्त कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ र ६ नं. अनुसारको भवतव्यको कसुर नभई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नम्बरको परिभाषा भित्र पर्ने कसुर देखिँदा निज प्रतिवादीलाई सोही १४ नम्बरबमोजिम सजाय हुने देखिने हुँदा प्रतिवादी रञ्जित बेल्दारले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेकामा निजलाई उक्त ऐनको १४ नं. बमोजिम सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम १ वर्ष कैदको सजाय ठहर गरेको बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।७।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी रंजित बेल्दारलाई अभियोग माग दाबीअनुसार ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०२८९, आयकर, *आन्तरिक राजस्व कार्यालय, विराटनगर वि. पशुपति ट्युब मिल्स प्रा.लि.*

बोनसबापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो। कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत् तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी वर्षमा वितरण गरिने रकम हो। आगामी वर्षमा पनि बोनसबापत् छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ। तर कम्पनीको खातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीको दायित्वभित्र नपर्ने र खुद आयमा समावेश हुने भन्न मिल्ने नहुँदा बोनसबापत छुट्याएको रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टी हुने रकम भएको भनी खुद आयमा समावेश नगरेको राजस्व न्यायाधिकरण, विराटनगरको फैसला मनासिब देखिन आएकाले यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने।

चालु आर्थिक वर्षको नाफाबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस प्रोभिजनको लागि छट्याएको रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको हुँदा उक्त रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद आयमा कट्टा हुने भएकाले पुनः आयमा गणना गर्नुपर्ने भन्ने पुनरावेदकको कथन कानूनअनुकूल नहुँदा बोनसबापतको

रू.१,१८,८६५।७८ खुद आयमा समावेश हुन नसक्ने भन्ने राजस्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक आन्तरिक राजस्व कार्यालय विराटनगरको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्नमहर्जन

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदिश शर्मा पौडेल,** ०६९-WO-०१७६, उत्प्रेषण/ प्रतिषेध, *भोलाबहादुर रावल वि. गृह मन्त्रालयसमेत*

सत्य, सुरक्षा र सेवाको जिम्मेवारी लिने प्रहरी अधिकृतले आफ्नो कार्यालयको हाताभित्र भएको चोरीको घटनाका सम्बन्धमा पनि अनुसन्धान गरी अपराधी पत्ता लगाउन सक्ने अवस्था हुँदाहुँदै त्यसतर्फ बेवास्ता गरेको कार्यलाई आफ्नो कर्तव्य दक्षतापूर्वक निर्वाह गरेको मान्न नमिल्ने ।

आफ्नै कार्यालय हाताभित्र घटेको चोरीको घटनाका सम्बन्धमा अनुसन्धान तहकिकात गरी अपराधीलाई सजाय दिलाउने प्राथमिक कर्तव्य रहेका यी रिट निवेदकले सोसम्बन्धमा केही कारवाही नगरी आफ्नो पदीय जिम्मेवारीमा लापरवाही गरेको देखिएको र प्रहरी नियमावली, २०४९ बमोजिमको कार्यविधि अपनाई अधिकारप्राप्त अधिकारीबाट सोही नियमावलीको नियम ८५ को कसुरमा नियम ८४(क) बमोजिम नसिहत दिने गरी निर्णय गरेको तथा सो निर्णयउपरको पुनरावेदन सुन्ने अधिकारी पनि तोकिएको अधिकारी रहेको देखिएको स्थितिमा निवेदकलाई नसिहतको सजाय दिने गरी भएको निर्णयमा कुनै अधिकारक्षेत्रात्मक वा प्रक्रियागत त्रुटि विद्यमान रहेको देखिन नआउने ।

निवेदकले आफूलाई नसिहत दिएका कारणले बढुवाबाट वञ्चित हुने हुँदा नसिहत पाएका आधारमा बढुवा हुनबाट वञ्चित नगर्नु भन्ने प्रतिषेधको आदेशसमेत जारी गरी पाउन दाबी गरेको छ । तर नसिहत दिएका कारणले निवेदकलाई बढुवा नदिएको भन्ने कुरा पुष्टि हुने कुनै कागज प्रमाण निवेदनसाथ पेस गर्न सकेको छैन । विपक्षीको लिखित जवाफबाट पनि निवेदकले नसिहत पाएका कारणले निजलाई बढुवामा समावेश नगरेको वा नगरिने भन्ने देखिँदैन । बढुवामा चित्त नबुझेको स्थितिमा बढुवा समितिले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन गर्नसक्ने अधिकार निवेदकलाई सुरक्षित नै रहेको छ । यसरी नसिहत पाएकै कारणले निवेदकलाई बढुवा हुनबाट वञ्चित गरिएको भन्ने स्पष्ट नदेखिएको र बढुवामा चित्त नबुझेमा निवेदकले कानूनले निर्धारण गरेको प्रक्रियाबाट उपचार प्राप्त गर्न सक्ने नै हुँदा निवेदन मागबमोजिम प्रतिषेधको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने हुँदा निवेदकले आफू कार्यरत् प्रहरी कार्यालयको हाताभित्र रहेको प्रहरी कार्यालयकै भवनको कोठाको कब्जासमेत फोडी चोरी भएको घटनाका सम्बन्धमा अपराधी पत्ता लगाउन अनुसन्धान गर्ने प्राथमिक तदारूखता र तत्परतासमेत केही नदेखाई उदासीन रहेको देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ८५ बमोजिमको कसुर गरेको भन्ने आधारमा नियम ८४(क) बमोजिम नसिहत दिने गरी महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षकबाट मिति २०६७।११।२६ मा भएको निर्णय र सो निर्णय सदर हुने गरी महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६८।१२।२९ मा भएको निर्णयसमेतमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-WO-०६३९, उत्प्रेषण/

परमादेश, *टीकाराम लिम्बू वि. उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनी सानोगौचरण, काठमाडौँसमेत*

निवेदकलाई सेवाबाट हटाउँदा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ (ग) बमोजिम सफाइको मौका दिनु नपर्ने देखिएको हुँदा भन्नेसमेतका व्यहोरा उल्लेख गरी पर्चा खडा गरेको देखिन्छ । तर निर्णय पर्चामा के कस्तो अवस्था परी निवेदकलाई सफाइको मौका दिन नपर्ने हो भन्ने कुरा तथ्यगतरूपमा खुलाएको देखिँदैन । पर्चा खडा गरी सेवाबाट अवकास दिने गरी निर्णय गर्ने अख्तियारप्राप्त अधिकारीले कुनै कुरा उल्लेख नगरेको भए पनि सो कुरा मनासिब छ छैन भन्ने कुरा पुनरावेदन तहमा निर्णय गर्ने निर्णयकर्ताले हेरी बुझी निर्णय गर्नुपर्नेमा त्यसो गरेको देखिँदैन । निर्णयकर्ताले कुनै मनोगत कारणबाट पर्चा खडा गरेको भए त्यसलाई मनासिब एवम् तथ्यगत भन्न सकिने हुँदैन । मनासिब एवम् तथ्यगत अवस्था पनि वस्तुगत र वस्तुनिष्ठ हुनुपर्दछ । कुनै पनि व्यक्तिको हकमा असर पर्ने गरी सुनवाइको मौका नदिई निर्णय गर्न नहुने ।

सञ्चार पठाउँदैमा तामेल भई नआएसम्म त्यसैलाई सफाइको मौकासहित कारवाहीको सूचना दिएकोसरह मानी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्त र न्यायको मान्य सिद्धान्तको विपरीत हुने कुरामा विवाद छैन । निर्णय भैसकेपछि तामेल भएको सूचना तथा सञ्चारले सफाइको मौका दिएको मान्न नमिल्ने ।

निवेदकलाई सेवाबाट अवकाश दिने गरी निर्णय गर्ने निर्णयकर्ताले निर्णय गर्नुअगावै सफाइको मौका पेस गर्ने उचित समय दिनुपर्ने सशस्त्र प्रहरी नियमावलीको नियम ९१ को कानूनी व्यवस्थालाई अक्षरसः पालना गरेको देखिन नआउने ।

निवेदकलाई सेवाबाट हटाउने गरी भएको विवादित निर्णय सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ को खण्ड (ख) अन्तर्गतको विशेष सजाय भएको र त्यसरी विशेष सजाय गर्नुपूर्व नियम ९४ बमोजिम त्यस्तो सजायको आदेश दिन पाउने अधिकारीले प्रस्तावित सजाय किन नगर्ने भनी त्यससम्बन्धमा उचित समय दिई स्पष्टीकरण माग्नु पर्ने देखिन आउँछ । यसरी नियम ८४ को खण्ड (ख) (१) अन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय गर्नुपूर्व सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीलाई सफाइ पेस गर्ने मौका दिई निजको स्पष्टीकरण चित्त बुझ्दो नभएमा वा स्पष्टीकरण नै पेस नगरी बसेको अवस्थामा निर्णय गर्न सकिने हो । यी निवेदकलाई सेवाबाट हटाउने विवादित निर्णय गर्दा माथि उल्लेख भएअनुरूपको सफाइको मौका उपलब्ध हुने गरी उचित समय दिई कारवाही गर्न लागिएको विषयमा सूचना दिइएको भन्ने देखिएको छैन । नियमावलीमा गैरहाजिर रहेको भन्ने आधारमा सफाइको मौका दिन नपर्ने भन्ने व्यवस्था रहेको छैन । यसबाट विपक्षी उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनीको निर्णय नै सन्देहपूर्ण रहेको देखिँदा यी निवेदकलाई मिति २०६४।७।२३ देखि नै लागू हुने गरी मिति २०६४।८।१३ मा सेवाबाट हटाउने गरी भएको निर्णय उल्लिखित कानूनी व्यवस्थाको प्रतिकूल देखिन आउने हुँदा यी निवेदक टिकाराम लिम्बूलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०६४।७।२३ बाट लागू हुने गरी नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी बल, बाघ भैरव गुल्म, काठमाडौंका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकबाट भएको मिति २०६४।८।१३ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको उपत्यका सशस्त्र प्रहरी बल, मुख्यालय पशुपतिनाथ बाहिनी, काठमाडौंका बाहिनीपति नायब महानिरीक्षकबाट मिति २०६६।८।८ मा भएको निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निज निवेदक टिकाराम लिम्बूलाई अब पूर्ववत् सेवामा बहाल गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-WO-०८२५, उत्प्रेषण/परमादेश, *पूर्णसिंह बस्नेत वि. माननीय गृह मन्त्री, गृह मन्त्रालयसमेत*

निवेदक गैरहाजिर रहेको समयमा मुलुकमा माओवादीको द्वन्द्वसमेतको कारण सुरक्षा चुनौती रहेको देखिन्छ । मुलुकमा शान्ति सुरक्षा कायम राख्ने कार्य प्रहरी सङ्गठनको अहम् विषय भएको तथ्यमा पनि विवाद छैन । यसरी देशमा सुरक्षा चुनौती सामाना गर्दै शान्ति सुरक्षा कायम राखी सर्वसाधारण जनताको जिउ ज्यानको सुरक्षा गर्नुपर्ने दायित्व भएको प्रहरी नायब निरीक्षक पदको प्रहरी कर्मचारी यु.एन. मिसनबाट फर्केर आएपछि गैरहाजिर रहेको कार्यबाट निजले आफ्नो पदीय दायित्व र जिम्मेवारी कुशलतापूर्वक सम्पादन गरेको भन्ने देखिन नआउने।

निवेदकले बिरामी भएको कारण उपचार गर्न बिदा बस्नु परेको र त्यस्तो अवस्थामा प्रहरी नियमावलीको नियम ५५ बमोजिम १२ दिन र नियम ५५(४) बमोजिम ४५ दिन गरी ५७ दिन बिदा लिन पाउने हुँदा पनि सेवाबाट अवकाश दिने गरी भएको निर्णय मिलेको छैन भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। त्यस सम्बन्धमा विचार गर्दा निवेदक बिदा नलिई भारतको दार्जिलिङ गएको देखिन्छ । बिरामी हुनुभन्दा अगावै वा पछि बिदा स्वीकृतिको लागि कार्यालयमा निवेदन दिएको वा हुलाकबाट समेत बिदाको निवेदन पठाएको भन्ने जिकिर लिन पनि सकेको देखिँदैन । नेपाल प्रहरी सङ्गठनको आफ्नै अस्पताल रहेको भन्ने कुरा लिखित जवाफबाट देखिन्छ। आफै कार्यरत् सङ्गठनको अस्पताल भएको अवस्थामा सो अस्पतालमा उपचार गर्न नआई निज भारतको दार्जिलिङ जानु पर्नाको यथार्थ, तथ्यगत कारण र मनासिब आधार पनि निवेदकले खुलाउन सकेको पाइँदैन। यस्तो अवस्थामा ५७ दिन बिदा लिन पाउने भनी लिएको जिकिर तथ्यको रोहमा मनासिब र उचित देखिन नआउने।

निवेदकलाई मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतसमेत भएको रिट निवेदनबाट पनि निजलाई दिएको अवकाश कानूनसम्मत भएको भन्ने देखिन आउने हुँदा यी निवेदकलाई मिति २०६०।६।९ मा सेवाबाट अवकाश दिने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने मिति २०६६।९।५ को पुनरावेदकीय निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात परेको नदेखिँदा उक्त निर्णयहरू बदर गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गुरागाई

इति संवत २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

१०

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१०९७, ०६८-CR-११०२, कर्तव्य ज्यान, *धनबहादुर राई वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर राईसमेत*

वारदातमा उपस्थित हुनेहरूका विरूद्ध लाग्ने नभै उपस्थित प्रतिवादीले मूल प्रतिवादी Principle defendant सँग मत सल्लाहमा पसेको हुनुपर्ने र त्यस्तो उपस्थितिबाट मूल प्रतिवादी वारदात गर्नका लागि हौसिएको देखिनु आवश्यक हुन्छ। दुई जना व्यक्ति कुस्ती खेल्दा खेल्दै भुइमा रहेको खुकुरी तानातान गरेको देखी डराई आफ्नो पनि ज्यान जाला भनी सुरक्षित स्थलतर्फ भाग्ने कार्य स्वयममा कसुरजन्य कार्य मान्न मिल्दैन । यस्तो घटनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. मा रहेको ज्यान मार्नलाई मतलबमा पसेको भन्ने कसुरभित्र राख्नु न्यायपूर्ण हुँदैन । तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादीहरू मनिकुमार राई, भिमबहादुर राई, पुजन राई र नहकुल राईलाई कसुरदार मान्न नमिल्ने।

कुस्ती खेल्दाखेल्दै मृतक आक्रोशमा आई

खुकुरी समात्न गएकाले यी प्रतिवादी छिटो भै निजको हातबाट खुकुरी खोसी मृतकलाई काटी मारेको देखिएको यो वारदातमा उक्त ७(१) नं. भित्रका तत्त्वहरू विद्यमान देखिन आउँदैनन् । मृतकको हातबाट खुकुरी खोसी सकेपछि मृतकले प्रतिवादीलाई मार्नसक्ने कुरा सम्भव नै नहुने अवस्थामा मृतकलाई खुकुरीले प्रहार गर्नुको कारण आत्मरक्षा हो भनी दाबी गर्नुको औचित्य नरहने ।

यी प्रतिवादीलाई मृतकले आफूलाई मार्लान् भन्ने भय थियो भने सो भयको निवारणका लागि मृतकको टाउको अनुहार, घाँटी जस्ता संवेदनशील अङ्गसमेतका ९ ठाउँमा खुकुरी प्रहार गर्नुपर्ने आवश्यकता हुँदैन । आत्मरक्षाको लागि चाहिनेभन्दा बढी बल प्रयोग हुनुहुँदैन । प्रतिवादीबाट भएको बल प्रहारको मात्राले निजको नियत वा मनसाय के कस्तो छ भन्ने इङ्गित गर्दछ । मृतक बलहीन रहेको स्थितिमा समेत प्रतिवादीले टाउको अनुहार, घाँटी जस्ता संवेदनशील अङ्गमा खुकुरी प्रहार गरी मृतकलाई नियतवश मारेको प्रमाणित हुँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी धनबहादुर राईलाई संखुवासभा जिल्ला अदालतले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. अनुसार १० वर्ष कैद मात्र गर्ने गरी राय व्यक्त गरेकामा पुनरावेदन अदालत, धनकुटाबाट उक्त रायमा असहमति जनाई निज प्रतिवादी धनबहादुर राइलाई २० वर्ष कैद गर्न राय व्यक्त गरेको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. मा सर्वस्वसहित जन्मकैद वा जन्मकैद ठहर भएका मुद्दामा निर्णयकर्ताले अपराध गरेको अवस्थालाई विचार गरी अभियुक्तलाई कम सजाय गर्न राय व्यक्त गर्न सक्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा वारदातका समयमा मृतकले प्रतिवादीसँग झगडाको निहुँ खोजी वारदात घटाउन प्रतिवादीलाई उत्तेजित बनाएको नभई प्रतिवादी धनबहादुर राईले मृतकलाई तपाईंले गाउँमा मान्छे मारेको र अझ पनि मानिस मार्छु भन्नुहुन्छ, तपाईं जेलमा जानुपर्ने भन्ने जस्ता कुरा गरी मृतकसँग निहुँ खोजेको देखिन्छ । कुस्ती खेल्दाखेल्दै भुँइमा रहेको खुकुरी लिएका मृतकको हातबाट खुकुरी खोसिसकेपछि सुरक्षात्मक उपायहरू अवलम्बन गर्नसक्ने अवस्था रहँदारहँदै सो नगरी बलहीन भैसकेका मृतकको टाउको अनुहार, घाँटीजस्ता संवेदनशील अङ्गमा जत्रतत्र निर्ममतापूर्वक खुकुरी प्रहार गरेको पाइन्छ । जोखिमी हतियार खुकुरी कब्जामा लिई आफू सुरक्षित रहँदारहँदै निर्बल रहेका मृतकलाई मर्म स्थानमा अन्दाधुन्दरूपमा खुकुरी प्रहार गरी मानिस मारेको प्रस्तुत अपराध हुँदाको घटना र परिस्थितिलाई हेर्दा सजाय घटाउने गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिमको राय व्यक्त गर्ने अवस्थाको विद्यमानता देखिँदैन । प्रतिवादी धनबहादुर राइलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. अनुसार १० वर्ष मात्र कैद गर्ने गरी संखुवासभा जिल्ला अदालतले व्यक्त गरेको राय एवम् २० वर्ष कैद गर्न पुनरावेदन अदालत, धनकुटाबाट व्यक्त गरेको राय मिलेको नदेखिँदा प्रतिवादी धनबहादुर राइलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादी धनबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र प्रतिवादीहरू मनिकुमार राई, भिमबहादुर राई, पुजन राई र नहकुल राईलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको संखुवासभा जिल्ला अदालतको मिति २०६८।३।९ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।७।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CI-०९३४, पर्खाल भत्काई जग्गा खिचोला चलन, *विद्यानन्द राय यादव वि. सन्तोष यादव*

विवादित कि.नं. ८४६ को ०-०-०-३$^{१/२}$ जग्गामा प्रतिवादीले पक्की घरको जग ६ फिट उचाइको निर्माण गरेको नक्सा विवरणबाट देखिन्छ । कि.नं. ८४५ र ६३३ को जग्गा प्रतिवादीको नाममा रहेकामा कि.नं. ८४५ को ०-०-१० क्षेत्रफल रहेको प्रतिवादीको जग्गा दर्ता स्रेस्ताबाट देखिन्छ भने प्रतिवादीको भोगमा रहेको कि.नं. ८४५ र ६३३ को जग्गाको क्षेत्रफल हेर्दा कि.नं. ८४५ मा न.नं. २ मा ०-०-९-१०$^{३/४}$, न.नं. २क मा ०-०-०-३$^{३/४}$ क्षेत्रफल र कि.नं. ६३३ न.नं. ९ मा ०-०-०-१$^{१/२}$ क्षेत्रफल भई आएको मिति २०६३।७।२७ को नक्सा विवरण मुचुल्काबाट देखिएको छ । प्रतिवादीको जग्गा न.नं. २, २क र ९ रहेको देखिई उक्त जग्गाको क्षेत्रफल प्रतिवादीको स्रेस्ताबमोजिमको ०-०-१० पुगेको देखिएको छ । विवादित कि.नं. ८४६ न.नं. १ को जग्गाको क्षेत्रफल ०-०-०-३$^{१/२}$ रहेको देखिई उक्त जग्गामा प्रतिवादीले ६ फिट उचाइको पर्खाल निर्माण गरेको भन्नेसमेतको व्यहोरा उल्लेख भई आएको नक्सा विवरण मुचुल्काबाट देखिएको र प्रतिवादीले उक्त नक्सा मुचुल्कामा लेखिएको व्यहोरामा रोहबरमा बसी सहीछाप गर्न इन्कार गरेको देखिए पनि मिति २०६३।७।२७ को नक्सालाई बदर गर्न माग गरेकोसमेत मिसिलबाट देखिएपनि सो नक्सा बदरतर्फ अन्यथा केही नभई २०६३।७।२७ को नक्सा यथावत् कायम रहिरहेको देखिएको र नक्सा मुचुल्काबाटै प्रतिवादीको स्रेस्ताबमोजिमको जग्गा पूरा देखिएको तर वादीको कि.नं. ८४६ भित्रको जग्गा विवादित न.नं. १ को ०-०-०-३$^{१/२}$ रहेको देखिएबाट न.नं. १ को उक्त ०-०-०-३$^{१/२}$ जग्गा प्रत्यर्थी प्रतिवादीले खिचोला गरेको देखिँदा सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला कानूनसङ्गत नै देखिन आउने ।

माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीको कि.नं. ८४५ र ६३३ को जग्गा पूरा भइरहेको देखिएको र विवादित न.नं. १ को क्षेत्रफल ०-०-०-३$^{१/२}$ जग्गा खिचोला गरेको देखिँदा सोही हदसम्म खिचोला ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६३।९।९ को फैसला र सोही फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।८।१० को फैसला सदर हुने ठहर्छ । दाबी पुग्नसक्ने होइन भनी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालत संयुक्त इजलासबाट निस्सा प्रदान गर्दा लिइएका आधारहरूसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०६५८, नक्सा पास र नक्सासमेत बदर गरिपाउँ, *रामाकान्त तेली वि. कमला ठाकुरसमेत*

नगरपालिका कार्यकारी अधिकृतबाट नक्सापाससम्बन्धी निर्णय भएको विषयमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा उजुर गर्न सक्ने व्यवस्था नभएबाट सुरू जिल्ला अदालतले प्रस्तुत विवाद निरूपण गर्नसक्ने अवस्था रहेन । पुनरावेदन अदालत, बुटवलमा दिनुपर्ने उजुरी जिल्ला अदालतमा दिएको देखिँदा अ.बं. २९ (८) नं. विपरीत क्षेत्राधिकारको अभावमा सुरू अदालतले फिराद खारेज गर्ने गरेको निर्णयलाई पुनरावेदन अदालतले सदर हुने ठहर्‍याएको

फैसला अन्यथा भन्न मिल्ने नदेखिएबाट यस अदालतबाट मिति २०६६।९।२२ मा मुद्दा दोहोर्‍याई हेर्ने गरी प्रदान भएको निस्सामा लिइएको आधारसँग सहमत हुन नसकिने हुँदा नक्सा पास र नक्सासमेत बदर गरिपाउँ भनी दिएको प्रस्तुत मुद्दाको फिराद कानूनसम्मत नहुँदा क्षेत्राधिकारसमेतको अभावमा फिराद दाबी खारेज हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलको मिति २०६५।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ २९ गते १ रोज शुभम्।

- यसै लगाउको ०६६-CR-०४५२, जालसाजी, *रामाकान्त तेली वि. कमला ठाकुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-००८३, अवैध काठ चोरी, *नेपाल सरकार वि. आइतराम थिङसमेत*

प्रतिवादी बुद्धिबहादुर वाइवाले अदालत समक्षको बयानमा उक्त काठ मनहरीस्थित हरियाली सामुदायिक वनबाट खरिद गरी चिरान गरी केही काठ घरमा लगेको र बाँकी जङ्गलमा छाडेकामा सोही काठहरू बरामद भएको भनी बयान गरेको मिसिलबाट देखिएको छ। मिसिल संलग्न हरियाली सामुदायिक वन उपभोक्ता समूह रजैया खरङ्गाको नगदी रसिद नं. ८२१ को व्यहोरामा यी प्रतिवादी बुद्धिबहादुर वाइबाका नाउँबाट ८० क्युफिट सालको काठको मूल्यबापत २४००।- रूपैयाँ बुझाएको तथा मिति २०६४।१०।४ मा उक्त ८० क्युफिट काठको अनुमतिपत्र सोही हरियाली सामुदायिक वन उपभोक्ता समूहबाट वन पैदावारको मूल्य लिई अनुमतिपत्र दिइएको भनी काठको परिमाण तथा MAK 0123 MN समूहको टाँचा लगाएको भनी विवरण उल्लेख गरी सोको वोधार्थ इलाका वन कार्यालयसमेतलाई दिएको रसिदको व्यहोराबाट देखिएको छ। घटनास्थल मुचुल्काको व्यहोराबाट २५.१६ क्यु.फिटका २२ थान साल जातका काठ बरामद भएको भन्ने देखिन्छ। उक्त उपभोक्ता समितिका अध्यक्ष रामहरी श्रेष्ठले मौकामा कागज गर्दा बरामद भएका काठ बुद्धिबहादुर वाइबाले खरिद गरी लिएको भनी भनेको एवम् निजले पेस गरेका बिल तथा नगदी रसिदका सम्बन्धमा अभियोजनकर्ताबाट थप अनुसन्धान तथा परीक्षण भएकोसमेत देखिन्न। यस्तो अवस्थामा कानूनको रित पुर्‍याई खरिद गरेको काठ चिरान गरेकोसमेत देखिएकाले यी प्रतिवादी बुद्धिबहादुर वाइबालाई अभियोग दाबीबमोजिम सजाय गर्न मनासिब भएन। त्यस्तै सोही कसुरमा अन्य प्रतिवादी आईतराम थिङ, किशन गहतराज, अमित वि.क. लाईसमेत सजाय गर्न मनासिब नहुने र प्रतिवादी ज्ञानु खाती र रामशरण सुनारका हकमा निजहरू पक्राउ परी आएका बखत वा हाजिर भएका बखत ठहरेबमोजिम हुने गरी तामेलीमा राखिदिने र अन्य प्रत्यर्थी प्रतिवादीहरू आइतराम थिङ, बुद्धिबहादुर वाइबा, अमित वि.क. र किशन गहतराजलाई आरोपित कसुरबाट सफाइ दिने ठहरी भएको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएका आधारहरूसँग सहमत हुन सकिएन। उल्लिखित प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०४७८, जबर्जस्ती करणी, *मानबहादुर कार्की वि. नेपाल सरकार*

पीडित स्वयम्ले यी प्रतिवादीसमेतलाई किटान गरी जबर्जस्ती करणी गरेको भनेको अवस्थामा प्रतिवादीले सहमतिमा करणी गरेको भनी जिकिर लिँदैमा र कानून एवम् प्रमाणले सोको पुष्टि नभई रहेकामा निजको जिकिरको पुष्ट्याइँ नै हुन सकेको नदेखिने।

उमेर पुगेकी महिलालाई सहमतिमा करणी गरेकालाई जबरजस्ती करणी गरेको भनी सजाय गरेको नमिलेको भन्नेले पीडितको उमेर पुगेको नागरिकता र पासपोर्टसमेत पेस गरी उमेर पुगेको भन्ने पुनरावेदन जिकिर पुष्टि गर्न सक्नुपर्नेमा सो गर्न नसकेको र मीनाकुमारी श्रेष्ठको नागरिकता र पासपोर्ट पेस गरेर पीडित जाहेरवालीको उमेर प्रमाणित हुने अवस्थासमेत नहुने।

आफैले करणी गरेको भनी अदालतमा स्वतन्त्ररूपमा साबित भएकोलाई डाक्टरले करणी पुष्टि गरे वा नगरेको भन्ने कुरा स्पष्ट नगर्नुको कुनै अर्थसमेत रहँदैन। यस्तो अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीले जाहेरवालीलाई सामुहिकरूपमा जबर्जस्ती करणी गरेको देखिँदा निजहरूलाई जबर्जस्ती करणीको ३(३) नं. बमोजिम जनही ६(छ) वर्ष कैद सजाय गरी ऐ. ३क. नं. बमोजिम थप जनही ५(पाँच) वर्ष कैद भई पीडित जाहेरवालीले निजहरूबाट जनही रू. ३५,०००।०० (पैतीस हजार रूपैया) का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहर्याई सुरू सुनसरी जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।२।१८।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बाबुराम सुबेदी
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०४४१, ०६११, ०६५२, ०६७२, ०७८५, कर्तव्य ज्यान, *गणेशबहादुर बस्नेत वि. नेपाल सरकार, हिमाञ्चल खत्री क्षत्री वि. नेपाल सरकार, निर्मलबहादुर बस्नेत वि. नेपाल सरकार, इन्द्रबहादुर बस्नेत वि. नेपाल सरकार, होमबहादुर भन्ने किसान बस्नेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरू र माधव के.सी. बीच सामान्य हानाहान भएपछि माधव के.सी. निजहरूको पन्जाबाट फुत्की भागेकाले पदमबहादुर के.सी. लाई यी प्रतिवादीहरूले कुटपिट गरेको तथ्य मिसिल कागजबाट देखिन आएको र पुनरावेदकमध्येका गणेश बस्नेतले मृतक पदमबहादुरलाई छुरी प्रहार गरेको र अन्य प्रतिवादीहरूले मृतकलाई लात मुक्काले प्रहार गरी घाँटी दबाउने कार्यसमेत गरेकाले सोही चोटका कारण मृतकको मृत्यु भएको भन्ने तथ्यलाई यी पुनरावेदक प्रतिवादीहरूले स्वीकार गरी एकअर्कालाई पोल गरी गरेको बयान व्यहोरालाई प्रत्यक्षदर्शीको भनाइ, वारदातमा प्रयोग भएको चक्कु बरामद भएको बरामदी मुचुल्का, घटनास्थल तथा लास प्रकृति मुचुल्का, मृत्युको कारण Death is due to manual strangulation (throthling) र death is due to stab wond (sharp force injury leading to haemorrhage to hypo uolaemic shock) भन्ने शव परीक्षण प्रतिवेदनसमेतका कागजबाट पुष्टि हुन आएको देखिएबाट पुनरावेदक प्रतिवादी हिमाञ्चल

खत्री, ईन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, गणेशबहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

प्रतिवादी प्रदीप बस्नेत पनि अरू पुनरावेदक प्रतिवादीहरूसँग साथ वारदातस्थलमा गएको अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्दा निज वारदातस्थलमा उपस्थित रही केही नगरी हेरी बसेको स्थितिबाट वारदातको मतियार (Accessory on the fact) भई वारदातमा संलग्न रहेको देखिँदा निजले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था नरहने।

प्रतिवादीहरूमध्ये गणेशबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम र्सवस्वसहित जन्मकैद हुने, अन्य पुनरावेदक प्रतिवादीहरू हिमाञ्चल, ईन्द्र बहादुर, निर्मल, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. १३(३) नं. बमोजिम जनही जन्मकैद हुने र अर्को प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुनेमा वारदात समयमा निज नाबालक भएको देखिँदा निजलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार १ वर्ष ६ महिना कैद हुने ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको मिति २०६९/३/६ को फैसला मिलेकै देखिने।

वारदातको प्रकृति र सिर्जना भएको परिस्थितितर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादीहरू र मृतक साथी साथी भएको, भलिबल खेल्ने क्रममा मनमुटाब भई एकअर्कोबीच कुटपिट हानाहान भएको, सबै प्रतिवादीहरू १७ वर्षदेखि २५ वर्षसम्मका कलिलो उमेर समूहका भई अपरिपक्क मानसिकताबाट ज्यान मार्नेजस्तो गम्भीर कार्य हुन गएको, किसान बस्नेत बाहेक सबै अध्ययन गर्दै गरेका विद्यार्थी भएको, मारौँ भन्ने नै मनसायभन्दा पनि भलिबलको झगडामा भएको कुटपिटका कारण मृतकको मृत्यु हुन गएको अवस्थालाई विचार गरी प्रतिवादीमध्येका गणेशबहादुर बस्नेतलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू हिमाञ्चाल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. ऐनको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिई अ.बं. १८८ नं. बमोजिम यी पुनरावेदक प्रतिवादीहरूलाई जनही ८ वर्ष कैद सजाय हुन लगाएको राय मनासिब देखिन आएकाले पुनरावेदन अदालत बागलुङको मिति २०६९/३/६ गतेको फैसला र लगाएको रायसमेत मिलेकै देखिने। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०८०५, गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. हरेकृष्ण भगत*

जग्गाको क्षेत्रफल, उत्पादन हुने अवस्था, उत्पादनका स्वरूपसमेतको यथोचित विश्लेषण गरी विशेष अदालत काठमाडौंले कृषि आयबाट प्राप्त रकमलाई आय कायम गरेको अन्यथा देखिएन। रू. २६,४८,०००।– प्रतिवादीको आयमा गणना हुने देखिने।

प्रतिवादीको काठमाडौंको घरको बनावट र स्थानसमेतको दृष्टिगत गर्दा सो घर भाडामा नलाग्ने अवस्थाको देखिँदैन। त्यसै गरी सप्तरीको घरहरू पनि भाडामा लाग्न सक्ने नै देखिने।

वैवाहिक कार्यक्रम, उत्सव समारोहसमेतमा माइती पट्टिबाट दाइजो, टीकाटालोबापतको यति रकम वा जिन्सी दिएको थियो भनी भन्न सकिने अवस्था हुँदैन । यस्तो असजिलो अवस्थामा दाबी गरिएको

रकमको सम्पत्तिको परिमाण र परिस्थितिलाई मूल्याङ्कन गरेर नै दाइजोसमेतको मनासिब मात्रामा रकमको निर्धारण गर्नुको विकल्प नहुने।

वैवाहिक समारोहमा तिलकको रूपमा १० लाख रूपैयाँ प्राप्त भएको भए तापनि सो रकम प्रतिवादीको बुबाले पाउने हुन्छ । तर पनि आधिकारिकरूपमा यति नै रकम प्राप्त भएको भन्ने नदेखिए तापनि वैवाहिक जीवनको लामो समयमा प्रतिवादी, प्रतिवादीकी श्रीमती र छोराहरूले व्यवहार र चलनअनुसार पटकपटक गरी रू. ४,००,०००।– प्राप्त गरेको मान्नु न्यायोचित नै देखिन आयो। तसर्थ दाइजो पेवाको निर्धारण लेखाजोखा वा लिखत नहुने, अनुमानमा नै आधारित हुने भएको हुँदा तथ्यगत र वस्तुगत परिस्थितिलाई विचार गरी विशेष अदालतले निकालेको निष्कर्ष न्यायिक सदविवेकको आधारमा मिलेकै देखिँदा मनासिब ठहर्ने।

प्रतिवादीले कन्सल्टेन्सीमा काम गरेको दाबी गरेकोसम्बन्धमा हेर्दा प्रतिवादी नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीले निजामती सेवा ऐन नियमावलीले निर्दिष्ट गरेको कानूनी व्यवस्थाको परिधिमा बसी कार्य गर्नुपर्ने हुन्छ । यससम्बन्धमा प्रतिवादी हरेकृष्ण भगतले कन्सन्टेन्सीमा काम गर्नको लागि नेपाल सरकारबाट स्वीकृति लिएको नदेखिएको र निजले काम गरेका Om Consultancy, Ishor Engineering service र Raj Engineering service फर्मबाट पनि सरकारी कर्मचारीलाई काम लगाई रकम भुक्तानी दिएको देखिने आधिकारिक अभिलेखको अभावमा तत्तत् फर्म तथा परामर्शदाता संस्थाबाट पारिश्रमिकसमेत पाउने अवस्था नदेखिने।

प्रतिवादीले आफ्नी श्रीमतीले तरकारी व्यवसायबाट रू. ११,८८०००।– आय गरेको भनी विशेष अदालतमा लेखाएको देखिन्छ । निजकी श्रीमतीको नाममा फर्म दर्ता भएको भए तापनि के कति तरकारी उत्पादन भएको, कति बिक्री वितरण भएको भन्ने जस्ता कुराहरू पुष्टि हुन नआएबाट सो रकम प्रतिवादीको आयमा जम्मा गर्न नमिल्ने।

प्रतिवादीले अदालतको बयानमा आफूसँग ५० तोला सुन र १०० तोला चाँदी रहेको भनी खुलाएकामा यति तोला चाँदी यस मितिमा बिक्री गरी यति रकम प्राप्त गरेको भनी खुलाउन नसकेको देखिँदा सुन चाँदी बिक्रीको रकम पनि आयमा गणना गर्न नमिल्ने।

मनासिब आधार र कारणबिना राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेमा मात्र आरोपित कसुर प्रमाणित हुने व्यवस्था भएकाले अमिल्दो र अस्वाभाविक जीवनस्तर झल्किने जीवन यापन गरेमा मात्र कसुरदार ठहर हुनसक्ने देखियो।

सामाजिक पक्षलाई हेर्दा पनि व्यक्तिको पैतृक सम्पत्ति, सामाजिक हैसियत, पदीय हैसियत लगायतका कारक तत्त्वहरू नै मापनको रूपमा रहेर निजको जीवनस्तर अमिल्दो, उच्च अस्वाभाविक छ भन्ने कुराको निष्कर्षमा पुग्न मद्दत मिल्दछ। कतिपय आयका स्रोतहरू प्रतिवादीले भनेबमोजिम विश्वसनीय भए पनि समयको अन्तरालले प्रमाण कागज नहुन सक्छ। सबै कुराको कागज प्रमाण स्रेस्ता राख्नुपर्ने हाम्रो कानूनी व्यवस्था पनि छैन। तसर्थ सामाजिक कानूनी, आर्थिक तत्त्वहरूलाई दृष्टिगत गर्दा सम्पत्तिको बिगो र आयको फरक रकम १० प्रतिशतसम्म न्यून हुनुलाई अमिल्दो र अस्वाभाविक भन्न मिल्दैन। यसको अतिरिक्त प्रस्तुत मुद्दामा कुनै खास कार्य समयको वारदातको अपराध नभै अनुमानको आधारमा आय व्ययको रकम अनुमान गरी अभियोग दाबी भएकामा अनुमानको आधारमा कायम गरिएको बिगोको आधारलाई पूर्णतया वास्तविक भएको भनी मान्न नमिल्ने।

प्रस्तुत विवादमा प्रतिवादी हरेकृष्ण भगतको कूल सम्पत्तिको बिगो र आयमा ८.१० प्रतिशत अर्थात रू. ६,०३,८९०।३४ अन्तर भएको देखिन आउने हुँदा विवेचित, आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतका आधारमा विशेष अदालत,

काठमाडौंले वादी नेपाल सकारको दाबी पुग्न नसक्ने ठहर गरी मिति २०६६।९।२० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली, भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल असार २१ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०८७७, कर्तव्य ज्यान, जबरजस्ती चोरी, *कालुराम भन्ने पृथी राईसमेत वि. नेपाल सरकार*

कसुर गर्दा नाबालक रहेकामा त्यसतर्फ विचार गरी सजाय नतोकिएको पुनरावेदन अदालत, राजबिराजको फैसला उल्टी गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार न्यूनतम् सजाय तोकिपाउँ भनी प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको भए पनि निजहरूले सुरू अदालतमा स्वतन्त्ररूपले बयान गरी लेखाएको उमेरले नै ग्राह्यता पाउने भई सुरू फैसलाउपर पुनरावेदन गर्दा छुट्टै जिकिर लिई पेस गरिएका थप प्रमाणहरूले मान्यता नपाउने भएकाले निजहरूको जिकिर लिएको नाबालकतर्फको पुनरावेदन जिकिर पुग्न नसक्ने भएकाले पुनरावेदन अदालत, राजबिराजको फैसला अन्यथा नभई मिलेकै देखिन नआउने।

आफूहरू नाबालक रहेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम न्यूनतम् सजाय हुनुपर्ने भन्ने प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिर पुग्न नसकेकाले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको बिगोबापतमा समेत कैद हुने तथा चोरीको बरामद भएको बिगो जाहेरवालाले फिर्ता पाउने ठहऱ्याई सुरू खोटाङ जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।०८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः बाबुराम सुबेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार २३ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०५४३, परमादेश जारी गरिपाऊँ, *रामप्रताप खड्का वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत*

अनाधिकृतरूपमा विभिन्न वेबसाइटहरूमा राखिएका कोहिनुर चलचित्र नरोक्ने हो भने चलचित्र निर्मातालाई अपूरणीयक्षतिसमेत हुन जाने देखिएकाले नेपाल विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ विपरीतको कसुरमा यस ऐनबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम निवेदकको जाहेरी दरखास्त दर्ता गरी कोहीनूर चलचित्रको अनाधिकृतरूपमा विभिन्न वेबसाइटमा अपलोड गरी प्रदर्शन राखिएको कार्यका सम्बन्धमा जो जसले गरेको भए तापनि अनुसन्धान गरी कारवाहीको प्रक्रिया अगाडि बढाउन निवेदकको उजुरी दर्ता गरी अनुसन्धान गरी उक्त आपराधिक कार्य पत्ता लगाई रोक्ने कार्यसमेत गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०८९४, कर्तव्य ज्यान, *शिवप्रसाद गौतम वि. नेपाल सरकार*

प्रतिवादी कान्छा भन्ने शिवप्रसाद गौतमले प्रतिवादी आकाश लामालाई वचन दिई गोविन्द अधिकारीलाई मार्न लगाएको हुँदा निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(४) तथा ज्यानसम्बन्धीको महलको १३(४) नम्बरबमोजिमको कसुर अपराध गरेको हुँदा ज्यानसम्बन्धीको महलको १३ (४) अनुसार जन्मकैदको सजाय हुने देखिने हुँदा प्रतिवादी कान्छा भन्ने शिवप्रसाद गौतमलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(४) एवम् ज्यानसम्बन्धीको १३ (४) अनुसार जन्मकैदको सजाय हुने ठहराएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।८।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-WO-१२१६, उत्प्रेषण / परमादेश, *दिलिपबहादुर भन्ने ताराबहादुर रानामगर वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

कुनै पनि कर्मचारीलाई गरिने कारवाहीको सम्बन्धमा प्रचलनमा रहेको नियम कानूनले प्रस्टरूपमा पालना गर्नुपर्ने गरी विभिन्न चरण तथा प्रक्रियाहरूको उल्लेख गरेको छ भने सम्बन्धित कर्मचारीलाई कारवाही गर्दा उक्त उल्लिखित सबै चरण तथा प्रक्रियाहरूको बाध्यात्मकरूपले पालना गर्नुपर्ने हुन्छ। यस्तो कारवाहीमा कानूनमा उल्लिखित विभिन्न चरण तथा प्रक्रियाहरूमध्ये केहीको मात्र पालना गरी कारवाही गरिन्छ भने त्यस्तो कारवाहीलाई कानूनबमोजिमको कारवाही भन्न नमिल्ने।

कुनै पनि कर्मचारीविरूद्ध उसको आचरण व्यवहारसम्बन्धमा कारवाही गर्दा बढो सतर्कताका साथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ। किनकि रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन उससँग आश्रित परिवारमाथि पनि यस्ता कारवाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ। यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नु पर्नेमा सो नगरी निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने गरी विपक्षी अस्पतालबाट गरिएको निर्णय Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.1995 को प्रतिकूल भएको देखिन आउने।

मानव अधिकारहरू जस्तै रोजगारीको अधिकारको कार्यान्वयनमा पक्ष राष्ट्रहरूको विशेषत: मुख्य गरेर ३ वटा दायित्व रहेका हुन्छन्। जसमा Respect (सम्मान), Protect (संरक्षण) र Fulfill (परिपुरण) रहेका छन्। रोजगारीको अधिकारको सम्मान (Respect) को दायित्वअन्तर्गत पक्ष राष्ट्रले उक्त अधिकारको प्रयोग तथा उपभोगमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बाधा पुर्‍याउन नहुने भन्ने हुन्छ। त्यसैगरी संरक्षण (Protect) को दायित्वअन्तर्गत राज्यबाहेक अन्य कुनै पनि तेस्रो पक्षबाट रोजगारीको अधिकारको प्रयोगमा बाधा अवरोध पुर्‍याएको छ भने सो अवरोधलाई रोकी अधिकारको उपभोगमा सहजता ल्याउनु भन्ने हुन्छ। त्यसै गरी अन्तिम दायित्वको रूपमा रहेको परिपूरण (Fulfill) अन्तर्गत रोजगारीको अधिकारलाई बढावा, विकास तथा प्रवर्धन गरी यसलाई आधिकाधिकरूपमा उपभोग योग्य बनाउनु भन्ने हुन्छ। यसका लागि राज्यले आवश्यक कानूनको निर्माण, यथेष्ट बजेट तथा प्रशासनिक प्रबन्धको व्यवस्था गर्नुपर्ने।

विपक्षी पाटन अस्पताल स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ द्वारा सञ्चालनमा रही नेपाल सरकारको मातहतमा रहेको देखिँदा यसको सञ्चालनमा राज्यको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्नता र भूमिका रहेको देखिन्छ । यस परिप्रेक्ष्यमा अस्पतालबाट कुनै कर्मचारीहरूको अधिकारमा आघात हुने गरी कुनै निर्णय गरिन्छ भने उक्त अधिकारको बहालीमा राज्यको दायित्व मानव अधिकारसम्बन्धी माथि उल्लिखित तीनवटा दायित्वभित्र रहने कुरामा दुविधा नरहने हुँदा रिट निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी विपक्षी अस्पतालले नोकरीबाट बर्खास्त गर्ने गरी गरेको निर्णय कानूनी त्रुटिपूर्ण देखिन आएकाले उत्प्रेषणको आदेश जारी भई सो निर्णय बदर हुने ठहर्छ । साथै रिट निवेदकलाई साबिक सेवा तथा पदमा बहाल गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-०४४५, लेनदेन, *गोपालप्रसाद शर्मा वि. इश्वरीप्रसाद साह*

जग्गा बिक्री गरी आफ्नो घर व्यवहार चलाउने भनी सोचेर रजिस्ट्रेसनको लिखत लेखेको तर बैङ्कबाट लिएको कर्जाको कारणले उक्त जग्गा रोक्का रहेकाले रजिस्ट्रेसन पारित हुन नसकेको हो । रजिस्ट्रेसनको लिखत पारित नभएकाले लेनदेन भएको छैन भनी प्रतिवादीले आफ्नो भनाइ राखे तापनि वादीबाट पेस भएको रजिस्ट्रेसनको लिखतमा परेको लेखात्मक सही र ल्याप्चे सहिछाप आफ्नो हो भनी प्रतिवादीले स्वीकार गरेको हुँदा सो लिखतमा परेको सहिछाप वादी प्रतिवादीको भएको देखिन आउने ।

वादी दाबीअनुसार राजिनामाको लिखत मिति २०५४।१।२ भनिएको भए तापनि सो लिखतमा टाँसेको हुलाक टिकट मिति २०५७।९।१३ मा प्रकाशित हुलाक टिकट टाँसबाट उक्त लिखत वादी दाबीअनुसारको मितिमा भएको देखिँदैन । तसर्थ लिखतमा टाँस भएको हुलाक टिकट र नागरिकताको प्रमाण पत्रअनुसार विवादको लिखत कहिले भएको भन्ने एकिन भन्न सकिने अवस्था नरहने ।

मिति उल्लेख नभएको लिखतअनुसार बिगो भराउँदा कहिलेको लिखतअनुसार बिगो भराउने हो सो खुलाउन सकिँदैन र ब्याज भराउँदा कहिलेदेखिको ब्याज भराउने हो सो पनि अन्यौल नै हुने देखिन्छ । इन्साफ गर्दा मिसिलबाट देखिएको स्पष्ट आधार र कारण हेरी तथ्ययुक्त प्रमाणबाट गर्नुपर्ने हुन्छ । यस्तो अन्यौलको लिखतबाट वादी दाबीअनुसार साँवा र ब्याज भराउन मिल्दैन । तसर्थ लिखतको प्रामाणिकतातर्फ हेर्दा प्रारम्भिक अवस्थामा नै कानूनी शून्यता रहेको देखिन आउने ।

वादी दाबीको राजिनामाको मिति २०५४।१।२ को लिखत भनिएकामा मिति २०५७।९।१३ मा प्रकाशित हुलाक टिकट टाँसबाट उक्त लिखत वादी दाबीअनुसारको मितिमा भएको भन्ने देखिँदैन । यस्तो अवस्थामा वादी र प्रतिवादीबीच भएको लिखत मिति २०५८ सालतिर भएको होला भनी अनुमानसम्म गर्न सकियो । कुनै पनि विवादको निरूपण अनुमान, अन्दाज र अड्कलका आधारमा खडा भएको लिखतलाई आधार लिई इन्साफ गर्न मिल्दैन । तसर्थ लिखतको प्रामाणिकतातर्फ हेर्दा प्रारम्भिक अवस्थामा नै कानूनी शून्यता रहेको देखिन आउने ।

*देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ* भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम वादीले आफूले दिएको फिराद दाबीको प्रमाण पुर्‍याउनु पर्ने देखिन्छ । वादीले आफ्नो दाबी प्रमाणित गर्न नसकी कानूनी शून्यताको आधारमा खडा गरिएको लिखतलाई देखाई दाबी गरेको

देखिँदा वादी दाबी नपुग्ने ठहराई पुनरावेदन अदालत, हेटौंडाले गरेको फैसला मिलेकै देखिने।

वादी दाबीअनुसारको लिखत मितिलाई परिवर्तन गरी मिति २०५८।३।१ मा लिखत भएको भनी साँवा र ब्याज भराउने गरी भएको सुरू बारा जिल्ला अदालतको मिति २०६६।३।२४ को फैसलालाई उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत, हेटौँडाले गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०७९७, अदालतको अपहेलना, *चित्राकुमारी गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

विवादमा देखाएको जग्गा यी निवेदकको नभै विपक्षीमध्येको रत्नप्रसाद र सुलोचनाको हो भनी सर्वोच्च अदालतबाट मिति २०६६।५।४ मा फैसला भएको र विवादमा देखाएको घर टहराको सम्बन्धमा विपक्षीहरूले खिचोला नगरेको भनी स्वयम् लिखत जवाफ पेस गरिरहेको र सो घर टहरा भत्काइपाउँ र खिचोला मेटाइपाउँ भन्ने मुद्दा साधिकार निकाय अर्थात् काठमाडौं जिल्ला अदालतमा चलिरहेको भन्ने स्वयम् रिट निवेदक एवम् विपक्षीहरूको भनाइबाट खुल्न आएको छ। उक्त मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा र यस मुद्दाका विपक्षीमध्येका रत्नप्रसाद र सुलोचनासमेतले निवेदकलाई घरबाट निकाल्नेलगायतका केही पनि कार्य नगरेको र अदालतको आदेशलाई सदैव पालन गरिरहेको भनी आफ्नो लिखित जवाफमा उल्लेख गरिरहेको अवस्थामा विपक्षीहरूले अदालतको अवहेलना गरे भनी भन्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।५।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्ने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०४३३, ०३६२, ०४२७, ०५२०, कर्तव्य ज्यान, *नेपाल सकार वि. दिनेश वलीसमेत, पदम शाही वि. नेपाल सरकार, घनश्याम पुरी वि. नेपाल सरकार, जगत प्याकुरेल वि. नेपाल सरकार*

लास जाँच प्रकृति मुचुल्का र लास जाँच प्रतिवेदनसमेतबाट कुटपिटको कारण शरीरको विभिन्न भागमा चोट लागी नीलडाम भएको र चक्कुले छातीसमेतमा हान्दा बायाँ फोक्सोको भाग, मुटुमा समेत चोट लाग्न गई रक्तस्रावसमेत हुँदा विकास श्रेष्ठको मृत्यु भएको देखिन आयो। तसर्थ मिसिल संलग्न तथ्य एवम् प्रमाणको आधारमा विकास श्रेष्ठको मृत्यु स्वाभाविकरूपमा कालगतिले भएको नभई कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने।

फौजदारी मुद्दामा शङ्काको भरमा अभियुक्तहरूलाई सजाय गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने देखिँदैन। उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरू दिनेश वली र दिपक ढकालले आरोपित कसुर गरेको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

सहअभियुक्तहरू समेतले निज प्रतिवादी दिलिप बस्यालले विकाश श्रेष्ठ अवस्थाको सम्बन्धमा बेलाबेलामा सूचना दिई प्रतिवादीहरूलाई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको भनी मौकामा र अदालतमा समेत बयान गरेको देखिन्छ। उल्लिखित तथ्य एवम् मिसिल संलग्न अन्य प्रमाण कागजसमेतबाट प्रतिवादी दिलिप बस्यालको मृतक विकास श्रेष्ठलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नता रहेको पुष्टि

हुन आउने हुँदा निज प्रतिवादी दिलिप बस्यालले मृतक विकाश श्रेष्ठलाई कुटपिट गर्नेसमेत योजनामा सहमत भई सिताराम नेपालीको घरमा गई मोटर साइकल मागेर घनश्याम पुरी र विजय नेपालीलाई मोटरसाइकलमा राखी मृतकको घर नजिक पुर्‍याउन र घाइते भएका मृतक विकाश श्रेष्ठको स्वास्थ्य अवस्थाको सम्बन्धमा नर्सिङ होममा गई बुझी सोको जानकारी प्रतिवादीहरूलाई गराई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको तथ्य पुष्टि हुन आएकाले कर्तव्य गरी विकाश श्रेष्ठलाई मार्ने मतलबमा पसेको तथ्य पुष्टि हुन आयो । तसर्थ निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुने देखिन आउने र प्रतिवादीहरू दिनेश वली र दिपक ढकालले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७२ साल वैशाख २ गते रोज ४ शुभम्

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१५५८, मोही नामसारी, *दुर्गानन्द मण्डल धानुकसमेत वि. शम्भुप्रसाद मण्डल*

दाबीको कि.नं. २४८ को हकमा मिलापत्र भएको कहीँ कतैबाट खुल्न आएको देखिँदैन । तसर्थ कि.नं. २४८ को ज.वि. ०-१७-२ जग्गाको मोहीयानी हक प्रत्यर्थी वादीका पिता अष्टमलाल मण्डलले प्राप्त गरी सो जग्गाको मोहियानी हकको प्रमाण पत्रसमेत प्राप्त गरिसकेको अवस्थामा निजको मृत्युपश्चात् निजको कानूनबमोजिमको हकवाला अर्थात् मोहीका छोरामा मोही नामसारी हुने कुरालाई अन्यथा भन्न मिल्ने नदेखिने हुँदा विवादको जग्गाको मोही नामसारी कानूनबमोजिमका मोहीका हकवाला निजका छोरामा नहुने ठहरी भएको भूमिसुधार कार्यालय, मोरङको मिति २०६७।९।२६ को निर्णयलाई उल्टी हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।१०।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-१०४७, उत्प्रेषण/परमादेश, *दिनेशप्रसाद जयसवाल वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत*

कानूनी व्यवस्थाअनुसार निर्धारित म्यादभित्र निवेदकले माग गरेको बिदा स्वीकृत भएको देखिँदैन । के कति कर्मचारीलाई तलबी अध्ययन बिदाको लागि मननोयन गर्ने भन्नेसम्बन्धमा मन्त्रालयगत हिसाबमा प्राप्त हुने अध्ययन कोटा सङ्ख्याको आधारमा निर्धारण हुने विषय भए तापनि निजामती सेवा नियमावली, २०५० ले गरेको स्पष्ट कानूनी व्यवस्थाको अवधिभित्रै बिदा माग गर्ने सम्बन्धित कर्मचारीको बिदा स्वीकृत वा अस्वीकृत गरिसक्नुपर्ने हुन्छ । आफ्नो ज्ञान, सीप र क्षमता बढाउनको लागि राष्ट्रसेवक निजामती कर्मचारीलाई उच्च शिक्षा अध्ययन गर्न कानूनले नै अवसर दिएको र बिदा स्वीकृत र अस्वीकृत गर्ने सम्बन्धमा समेत कानूनले नै निश्चित प्रक्रिया निर्धारण गरेकामा जिम्मेवार निकाय वा पदाधिकारीले लापरवाही गरी बिदा नदिने सम्बन्धमा कर्मचारीलाई अन्यौल र अनिश्चिततामा बस्न बाध्य पारिंदा कर्मचारीको मनोबल उच्च रहन नसक्ने ।

निजामती सेवा नियमावली, २०५० ले नै अध्ययन बिदा माग गरेको ६० दिनभित्र बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिए स्वतः बिदा स्वीकृत भएको मानिने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै सोविपरीत बिदा अस्वीकृत गर्ने अधिकारीको कार्यलाई जिम्मेवारपूर्वक आफ्नो दायित्व पूरा गरेको भन्न मिल्दैन । यस्तो अवस्थामा कानूनको म्यादभित्र बिदा अस्वीकृतको निर्णय नगर्नु विपक्षी नेपाल

सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको लापरवाही देखिन्छ । कानूनअनुरूप चल्नु पर्ने जिम्मेवार निकायबाट भएको त्यस्तो लापरवाहीपूर्ण कार्यलाई शोभनीय मान्न नसकिने हुँदा विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयको तलबी अध्ययन बिदा स्वीकृत नगर्ने गरेको वन विभागको मिति २०६९।१।१७ को निर्णय निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत ३ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०७१-WH-००४९, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता पुष्पराज पौडेल वि. कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंसमेत*

निवेदकको अनुसन्धान अधिकारीसमक्ष भएको बयानमा बाबुको नाम मिलन राई र उमेर १८ वर्ष भनी उल्लेख भएको र सोहीबमोजिम अभियोगपत्र दायर भएको भए पनि निजले अदालतसमक्ष बयान गर्दा बाबुको नाम बलबहादर दनुवार र उमेर १३ वर्ष ९ महिना भनी उल्लेख गरी निजको स्थानी ठेगानाको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, कटारी उदयपुरबाट जारी भएको जन्ममिति २०५७।१२।१० र बाबुको नाम बलबहादुर दनुवार भन्ने व्यहोरा उल्लेख भएको जन्मदर्ताको प्रमाणपत्र पेस गरेको देखियो । सो कुरालाई निजकी हजुरआमा विष्णुमाया दनुवारले इजलास समक्ष उपस्थिति भै मौखिकरूपमा समर्थन गरिदिएकी पनि छन् । उक्त जन्मदर्ताअनुसार निजले अदालतमा बयान गर्दाको मितिसम्म निज १३ वर्ष ९ र चानचुन दिन उमेरका रहेका र उमेर परीक्षण प्रतिवेदनमा पनि निजको उमेर १३ र १४ वर्ष बीचको भन्ने उल्लेख भएको तथा इजलाससमक्ष उपस्थित गराइएका निवेदकको शारीरिक अवस्थाको अवलोकनबाट पनि निज १३/१४ वर्षको नाबालक जस्ता देखिँदासमेत पेस भएको जन्मदर्ता प्रमाणपत्रको व्यहोरा अन्यथा रहेको भनी मान्न नमिली निज बलबहादुर दनुवारका छोरा १४ वर्षभन्दा कम उमेरका विशाल दनुवार नाम गरेका बालक रहेको भन्ने कुरा पुष्टि हुन आउने।

अपराधजन्य कार्यमा संलग्न भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ जारी भएको देखिन्छ । बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उक्त ऐनको प्रमुख उद्देश्य रहेको देखिन्छ । कानूनको द्वन्द्वमा परेका बालबालिका (Children in conflict with law) का हकमा उक्त विशेष ऐनले व्यवस्था गरेको कानूनी व्यवस्थाबमोजिम बालबालिकाको अधिकतम हित अभिवृद्धि हुने गरी कार्य गर्नु अनिवार्य हुने।

बालकहरू शारीरिक र मानसिकरूपमा परिपक्व भइनसकेका हुने हुँदा बाल मस्तिष्कले आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने तथा तिनीहरूमा आपराधिक मनोभावनासमेत विकास भइसकेको नहुने भन्ने कुरालाई सर्वमान्यरूपमा स्वीकार गरिएको छ । त्यसैले बालकबाट घटित भएका अपराधजन्य कार्यका लागि दण्डात्मक भन्दा सुधारात्मक अवधारणा अनुसरण गरी व्यवहार गर्नुपर्दछ भन्ने कुरामा दुइमत हुन नसक्ने।

निवेदकले धरौट राख्न नसकेको भनी हाजिर जमानी, अभिभावकको जिम्मा लगाउनेलगायतका अन्य विकल्प हुँदा हुँदै अन्तिम विकल्पको रूपमा निजलाई थुनामा नै राखिएको देखिँदा उपरोक्त कार्य बाल अधिकार महासन्धिको मर्मअनुरूपको भएको देखिन नआउने।

बाल अधिकारसम्बन्धी महासन्धि १९८९ अनुरूप बालबालिकाको थुनालाई अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्न सकिने र नेपाल सो महासन्धिको

पक्ष राष्ट्र भएकाले महासन्धिको उक्त प्रावधान नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानूनसरह बाध्यकारी रहेको छ । बालबालिका प्रतिवादी भएको मुद्दामा पुर्पक्षका क्रममा थुनछेक आदेश गर्दा निजसँग धरौट वा जमानत माग गर्न सक्ने भए पनि त्यसरी माग गरिएको धरौट वा जमानत दिन नसकेमा सोको विकल्पको रूपमा नाबालकलाई थुनामा राख्ने कार्य बालन्यायसम्बन्धी अवधारणाको अन्तरनिहीत मर्म र उल्लिखित महासन्धिको प्रावधानविपरित हुने देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) मा बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त नहुने ।

रिट निवेदक नाबालक रहेका र मुद्दा पुर्पक्षका लागि निजलाई अभिभावक, नातेदार तथा संरक्षकको जिम्मा लगाउन सक्ने कानूनबमोजिमका विकल्पहरूको प्रयोग नगरी माग भएको धरौट राख्न नसकेको भनी कारागार कार्यालयमा थुनामा राखिएको कार्य कानूनसम्मत नरही बालन्यायको मर्मअनुकूलसमेत देखिन नआउने हुँदा निवेदक प्रतिवादी नाबालक रहेको भन्ने कुरा पुष्टि हुन आई निजउपर दायर भएका नकबजनी चोरी मुद्दाहरूमा काठमाडौं जिल्ला अदालतबाट मुद्दा पुर्पक्षका लागि माग भएको धरौटी रकम तिर्न नसकेको आधारमा कारागार कार्यालयमा थुनामा राखिएको कार्य बालबालिकासम्बन्धी ऐन, २०४८ को समग्र उद्देश्य तथा सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित नजिर सिद्धान्तसमेत विपरीत देखिँदा निवेदक विशाल राई दनुवार (परिवर्तित नाम विकाशा राई दनुवार) लाई थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०८४९, डाँका चोरी, *बलिराम कोहार वि. नेपाल सरकार*

प्रतिवादीहरूले अदालतमा गरेको बयान हेर्दा कसुरमा इन्कार रही बयान गरे पनि बरामद भएको मोटरसाइकल आफ्नै हो भनी स्कुल मियाँले स्वीकार गरेका रहेछन् खानतलासी व्यहोरा ठिक हो भनी सो मुचुल्काका चिन्तामणी गुप्ताको बकपत्र, प्रतिवादीहरू वलिराम कोहार र स्कुल मियाँ भई वारदात घटाएका हुन् भनी मौकामा कागज गर्ने त्रिवेणीकुमार गुप्ताले र जाहेरी व्यहोरा पुष्टि हुने गरी जाहेरवाला संदिपकुमार गुप्तासमेतको बकपत्रबाट प्रतिवादीहरूले प्रस्तुत वारदात घटाएको पुष्टि हुन आउने ।

प्रतिवादीहरूको बयान, जाहेरवाला सन्दिपकुमार गुप्ता र मौकामा बुझिएका त्रिवेणीकुमार गुप्ताको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा तीनजना व्यक्तिहरूको मात्र संलग्नता देखाइनुका साथै वादी नेपाल सरकारले पनि तीन जना व्यक्तिलाई मात्र प्रतिवादी बनाई अभियोग पत्र दायर गरेको प्रस्तुत वारदात डाँका चोरीको परिभाषाअन्तर्गत पर्न नआउने ।

एकै मुद्दाका हार्ने झगडियामध्ये कसैको पुनरावेदन परी इन्साफ जाँचिदा सजाय उल्टिन जाने भयो भने पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ जाँचिदिनुपर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा वारदात नै डाँकाबाट रहजनी भई केही उल्टी भएको र सजाय पनि कम हुने अवस्था रहेको हुँदा पुनरावेदन नगर्ने स्कुल मियाँको हकमा पुनरावेदन नगरेकै कारणले मात्र पुनरावेदन अदालतको फैसला सदर गर्न नमिल्ने ।

प्रतिवादीहरू बलिराम लोहार र स्कुल मियाँ अन्सारीलाई चोरीको १४(४) नं. बमोजिम जनही ६/६ वर्षका दरले कैद र तीन लाख रूपैयाँ जरिवाना हुने ठहर्‍याएको सुरू फैसलामा जाहेरवालालाई रू. १,८०,४२६।– भराइदिने भन्ने छुट भएको बिगो जाहेरवालालाई भराई दिने गरी सुरू कपिलवस्तु

जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१२।१० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रस्तुत कसुर रहजनी चोरीमा परिणत भई पुनरावेदक प्रतिवादी बलिराम लोहारले मुलुकी ऐन, चोरीको ५ नं. को कसुर गरेको पुष्टि भएकाले प्रतिवादीहरूले रहजनी चोरी गरेको ठहर्छ । सो ठहर्नाले पुनरावेदक प्रतिवादी बलिराम लोहार र पुनरावेदन नगर्ने प्रतिवादी स्कुल मियाँलाई अ.बं. २०५ नं. बमोजिम चोरीको १४(३) र १२ नं. बमोजिम जनही ६/६ महिनाका दरले कैद र जनही तीन लाख रूपैयाँ जरिवाना र बाँकी बिगो रू.१,८०,४२६।- प्रतिवादीहरूबाट दामासाहीले जाहेरवालाले भराई लिन पाउने ठहर्छ । अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: सबिना अधिकारी
इति संवत् २०६७ साल फागुन १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-११०१, उत्प्रेषण परमादेश, *रामरतन थारू वि. पवनकुमार अग्रवालसमेत*

कानूनसम्मत् प्रक्रिया पूरा गरी तहसिलदारले पञ्चकिर्ते मूल्य कायम गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) को (क) देखि (झ) सम्मका आवश्यकताअनुसार कुनै वा सबै आधार लिन सक्ने, नियमको (ङ) समेतलाई आधार मानी निर्णय गरेको पञ्चकिर्ते मूल्याङ्कनलाई अन्यथा भन्न मिल्दैन । निवेदक स्वयम् फैसला कार्यान्वयनको क्रममा संलग्न भएको देखिएको र कानूनबमोजिम गरिएको कारवाहीबाट भएको लिलामी तथा दा.खा. नामसारीबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात पुगेको नपाइने ।

अदालतबाट भएको फैसलाअनुसार कानून बमोजिम बाँकै जिल्ला अदालतको तहसिल शाखा र सो अदालतबाट समेत फैसला कार्यान्वयनको आदेश भै सकेको आदेश पुनरावेदन अदालत, नेपालगन्जसमेतले सदर गरेपश्चात् पवनकुमार अग्रवाल र भानुभक्त पाण्डेले आफ्नो बिगोबापत रोक्का राखेको जग्गा सकार गरी लिई दा.खा. नामसारीसमेत गरी सकेको अवस्थामा अदालतको फैसला कार्यान्वयनबाट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम निजको संविधानद्वारा प्रदत्त मौलिक हक अधिकार हनन् भएको अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर : सबिना अधिकारी
इति संवत् २०७१ साल माघ ८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१२४०, सम्पत्ति शुद्धीकरण, *माधवकुमार भगत वि. नेपाल सरकार*

अपहरण, भ्रष्टाचार, आतङ्कवाद, राजस्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगतरूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चलिरहने हुँदा पुनः त्यो गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस् आपराधिक कार्य रोकियोस् भनी निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । सम्पत्ति शुद्धीकरण आफैँमा सम्बद्ध कसुर (Predicate offence) होइन अपितु मूल कसुरको सह उत्पादन (By Product) कोरूपमा सह अपराध (Secondary Offence) हो । मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्ने ।

सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको हो । अस्वाभाविक

सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भन्ने प्रमाणित गर्नुपर्ने प्रमाण भार प्रतिवादीमा राखिएको हो । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नुपर्ने हुँदा वादीले यो वा त्यो आतङ्ककारी अपराधबाट आर्जित गरेको सम्पत्ति हो भनी किटान गर्नुपर्ने बाध्यता कानूनले गरेको देखिँदैन । त्यस्तो आयस्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसुरको लागि पर्याप्त हुने ।

अपराध जसले गरेपनि र जहाँ गरे पनि यस ऐनको बहिक्षेत्रीय प्रभाव (Extra Territorial Jurisdiction) ले समाउने देखिने ।

कानूनले अपराध गर्ने व्यक्ति नेपाली भए मात्र सम्पत्ति शुद्धीकरण ऐन, अनुसारको कसुरदार हुने नभनी नेपालबाट वा नेपालमा विप्रेषण, स्थानान्तरण वा रकमान्तर गर्ने जहाँसुकै बसेको जुनसुकै व्यक्तिसमेत उपर लागू हुने भनी विश्वव्यापी क्षेत्राधिकार कायम गरेको हुँदा नागरिकताको आधारमा विभेद वा सङ्कुचित गरेको पाइँदैन । अतः कानूनले नै जुनसुकै देशको नागरिकउपर कारवाही गर्न रोकतोक नलगाएको स्थितिमा पुनरावेदक आफू भारतीय नागरिक भएको कारण सम्पत्ति शुद्धीकरणको कसुर र सजायसमेतबाट उन्मुक्ति पाउनुपर्छ भन्ने निजको जिकिर मनासिब देखिन नआउने ।

रकम लिएर हिँड्न पाउनु एउटा कुरा हो भने अस्वाभाविक सम्पत्तिको स्रोत खुलाउने अर्को कुरा हो । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ अनुसार नेपाल र भारतबीचको भाइचारा एवम् साँस्कृतिक सम्बन्धसमेतलाई मध्यनजर राखी नेपाली र भारतीय नागरिकले आफ्ना देशमा प्रचलनमा रहेको करेन्सी एक देशबाट अर्को देशमा ल्याउन र लैजान पाउने गरी जारी गरेको सूचनाले बैध रकमलाई छुट दिएको हो । छुट त्यस्तो करेन्सी नोटबाहकले रकमको वैद्यता लुकाउन पाउने वा स्रोत खुलाउनु पर्ने छैन भनी छुट दिने कुरा कहीँकतै सूचनामा उल्लेख भएको नदेखिने ।

सम्पत्ति शुद्धीकरण गर्ने उद्देश्य नराखी आफ्नो व्यापार व्यवसाय वा अन्य कुनै व्यक्तिबाट प्राप्त गरेको हुँ भन्ने पक्षले वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नुपर्ने ।

आर्थिक अवस्थाको तुलनामा कसैसँग अस्वाभाविक सम्पत्ति देखिन आएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित उसैले गर्नुपर्ने कानूनी दायित्व सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ ले गरेको हुँदा पुनरावेदक प्रतिवादीबाट अस्वाभाविक देखिने सम्पत्ति बरामद भएपछि सोको स्रोत यो हो भनी सम्पत्ति आर्जन गरेको स्रोत देखाउनु पर्ने कानूनी दायित्व पनि निजैमा रहने ।

फगत जिकिरबाहेक आफ्नो भनाइको पुष्टि गर्न सक्ने कुनै तथ्ययुक्त प्रमाण पुनरावेदक प्रतिवादीबाट पेस हुन सकेको देखिँदा निजबाट कसुर भएन भनी मान्न मिल्ने अवस्था देखिन नआउने ।

सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ ले अस्वाभाविकरूपमा रकम बोकी हिँड्ने व्यक्तिले आफूसँग भएको रकम के कुन स्रोतबाट आफूले प्राप्त गरेको हो भन्ने कुरा प्रमाणित गर्ने दायित्व रकमबाहक व्यक्तिलाई नै सुम्पेको छ । विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ५ अनुसार नेपाल सरकारद्वारा मिति २०५७।३।१२ मा जारी सूचनामा नेपाली र भारतीय नागरिकलाई असीमित मात्रामा सिक्का करेन्सी नोट ल्याउन लैजान पाउने गरी सूचनाले छुट दिएको भएपनि उक्त सूचनामा रकमबाहकले आफूसँग रहेको सम्पत्ति रूपैयाँको विधिवत् स्रोत खुलाउन नपर्ने भनी उन्मुक्ति प्रदान गरेको छैन । कानूनले रूपैयाँ ल्याउने लैजाने व्यक्तिले उक्त रूपैयाँको स्रोत खुलाउन अनिवार्य गरेको अवस्थामा गैरकानूनीरूपमा आर्जन गरेको वा कानूनप्रतिकूलरूपमा लिएको वा धारण गरेको प्रमाणित भएमा मात्र सम्पत्ति शुद्धीकरणको कसुर कायम हुने भन्ने यस अदालतको उक्त संयुक्त इजलासबाट भएको फैसला एवम् प्रतिपादन भएको

सिद्धान्तसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी माधवकुमार भगतलाई सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ र २८ को कसुर ठहर गरी ऐ. ऐनको दफा ३०(२) बमोजिम कैद वर्ष १ (एक), जरिवाना रू.९,५०,०००।- र ऐ. ऐनको दफा ३४ (१) बमोजिम बरामद भएको नगद जफत हुने ठहऱ्याई विशेष अदालत काठमाडौँबाट मिति २०७०।९।२८ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

प्रस्तुत पुनरावेदनसँग समान तथ्य भएको पुनरावेदक प्रतिवादी सुनिल जयसवालसमेत प्रत्यर्थी वादी नेपाल सरकार भएको ०६८-CR-०९३१ को सम्पत्ति शुद्धीकरण मुद्दामा यस अदालत संयुक्त इजलासबाट मिति २०७०।३।२६ मा फैसला भई नेपाल कानून पत्रिका २०७०, अङ्क ९, नि.नं. ९०५४, पृष्ठ ११६८ मा प्रकाशित सिद्धान्तसमेतमा भएको सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ४ र २८ समेतको कानूनी व्याख्या र प्रतिपादित सिद्धान्तको सम्बन्धमा दुई संयुक्त इजलासको निर्णय भिन्न भिन्न भई राय नमिलेकाले राय यकिनका लागि प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(ख) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०२५६, अंश दर्ता, *कुशेश्वरप्रसाद शर्मा वि. अशेश्वरप्रसाद शर्मासमेत*

पुनरावेदक आफैँले अंशमा फिराद गर्दा मिति २०४४।३।२ सम्मको श्रीसम्पत्ति धनमालबाट वादी प्रतिवादी र वादी वादीबीच पनि आ-आफ्नो भागको अंश छुट्याइपाउँ भनी दाबी गरेको स्थितिमा सोही मितिको मानो छुट्टिएको आधारबाट बन्डा हुने स्थिति हुन आयो। तसर्थ उक्त मानो छुट्टिएको मितिभन्दापछि दाजु विशेश्वर र भाउजू मीनाका नाममा दर्ता कायम हुन आएका जग्गाको प्रकृति सगोलकै रहन्छ भन्न मिल्ने देखिन नआउने।

वादीले लिएको फिराद दाबीअनुरूप सगोलको सम्पत्तिसमेतबाट वादी वादीबीच पनि यसै अंश मुद्दाबाट भाग लगाई दिएको देखिन्छ। फिराद दर्ता भइसकेपछि विश्वेश्वरप्रसाद शर्मासमेतको नाउँमा दर्ता कायम हुन आएका जग्गाहरूबाट पनि भाग लगाइपाउँ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब नहुँदा कि.नं. १२००, ७०१ र १७० का जग्गाहरूबाट अंश भाग नलाग्ने ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसला नमिलेको भन्ने यी पुनरावेदक वादीको पुनरावेदन जिकिर न्ययोचित देखिन नआउने हुँदा वादीहरूमध्येको विश्वेश्वरप्रसाद शर्माका नाउँमा रहेको कि.नं. १२०० र कि.नं. ७०१ तथा मीना शर्माका नाममा दर्ता रहेको कि.नं. १७० को जग्गाहरू निजी आर्जनको कायम गरी प्रतिवादीहरू अश्वेश्वरप्रसाद शर्मासमेतको अंश भाग नलाग्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१०।९ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल वैशाख २ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०५०५, लेनदेन, *चिरञ्जिवी गुप्ता वि. बामदेव डाँगी*

रकम दिने कारणी वादीको मञ्जुरी नभएको अवस्थामा इश्वरप्रकाश श्रेष्ठले रकम बुझाउँदा सम्बन्धित तमसुकको पछाडि दरपीठ पनि नगराएको र तमसुकको व्यहोरा खोली धनी वादीबाट छुट्टै भरपाई गराई रकम नबुझाएको अवस्थामा निजले पछि अदालतमा

कागज गर्दा हो भनी जिकिर लिएकै आधारमा उक्त भनाइलाई कानूनतः प्रमाणमा लिन नमिल्ने हुँदा वादी दाबीअनुसारको सावाँ र सोको कानूनबमोजिमको ब्याज वादीले प्रतिवादीबाट भरिपाउने ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा रहेको भन्न मिल्ने देखिन नआउने हुँदा सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६६।११।२५ को फैसला उल्टी गरी वादी दाबीअनुसारको साँवा र सोको कानूनबमोजिमको ब्याज वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१०।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ जेठ ७ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-११३०, उत्प्रेषण/परमादेश, *पवित्रा बस्नेतसमेत वि. मालपोत कार्यालय बेलबारी मोरङसमेत*

सरोकारवालाको उजुर नपरी तहसिलदार कर्मचारीले बदर गरेको भन्ने प्राविधिक आधारमामात्र बेरीतको बन्डा मुचुल्कालाई बैधता प्रदान गर्दा अर्को पक्षको उजुर गर्न पाउने दण्ड सजायको ६१ नं. को हक समाप्त हुने नहुने सम्बन्धमा विचारै नगरी अंशजस्तो समानरूपमा बाँडफाँड गरी लिन पाउने पक्षहरूको नैसर्गिक सम्पत्तिसम्बन्धी अधिकारमा प्रत्यक्ष आघात पर्न जाने हुनाले कुनै पक्षको उजुरी पर्ने समय रहेकै अवस्थामा उजुर पर्नुपूर्व नै तहसिलदारले बदर गरेको आदेश सदर गरेको जिल्ला न्यायाधीशको आदेश बदर गरेको पुनरावेदन अदालतको मिति २०६९।१२।१६ को आदेशबाट निवेदकको उजुर गर्न पाउने कानूनी बाटो अवरूद्ध हुने गई त्रुटिपूर्ण रहेको देखिन आउने हुँदा उक्त आदेश र सो आदेशका आधारमा विपक्षीहरूमध्येका सीता बस्नेत र मीनबहादुर बस्नेतका नाउँमा कायम भएका दर्ता स्रेस्तासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब जे जो बुझ्नुपर्ने हो बुझी कानूनको रीत पुर्‍याई अंश मुद्दाको फैसलाको कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरू मोरङ जिल्ला अदालतसमेतका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-०४२२, उत्प्रेषण, *सुनैना यादवनी वि. लरूवती यादवसमेत*

कुनै विषयमा नालिस गर्न तत्काल बहाल कानूनले किटान गरेको हदम्याद गुज्रिसकेको अवस्थामा पछि हदम्यादसम्बन्धी ऐन संशोधन भएकै कारणले मात्र गुज्रीसकेको हदम्याद थामिन सक्दैन । यसप्रकार काम भए गरेको समयबाट २ वर्षभित्र फिराद गरी सक्नुपर्ने हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने भै २०४७ सालमा भएको उक्त कार्यका सम्बन्धमा २०५९।५।२७ मा संशोधन भई हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुनसक्ने नदेखिने हुँदा २०४७ सालको डाँक लिलाम, चलनपूर्जिसमेतका कार्य जालसाज घोषित गरी सजाय गरिपाउँ भनी फिराद दर्ता गर्नका लागि कीर्ते कागजको १८ नं. मा हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने नदेखिँदा हदम्याद बिहीन भनी फिराद दरपीठ गरेको सिराहा जिल्ला अदालतका स्रेस्तेदारको मिति २०६६।१२।२५ आदेश सदर गरेको सिराहा जिल्ला अदालतको मिति २०६७।१।९ आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।१० को आदेश कानूनअनुरूप नै रहेको देखिँदा निवेदन

मागबमोजिमको आदेश जारी हुने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-WO-०४२१, उत्प्रेषण, *सुनैना यादवनी वि. लरूवती यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०११४, हातहतियार खरखजाना, *नेपाल सरकार वि. कालीमाता भन्ने नरिन्ताकुमारी शाहसमेत*

मौकाको बरामदी मुचुल्काबाट अनुसन्धानका क्रममा भनेको ठाउँबाट पेस्तोल बरामद भएको देखिँदैन। अनुसन्धानका लागी दर्ता भएको मौकाको जाहेरीमा यी प्रत्यर्थीहरूको नाम उल्लेख भएको पनि देखिएको छैन। मौकामा पक्राउ गरी प्रतिवेदन गर्ने प्रतिवेदक प्रहरीहरू जनककुमारी गिरी, राजेन्द्र थापाले प्रत्यर्थीहरूलाई पक्राउ गरी पेस गरेको हो अरू मुद्दाका सम्बन्धमा हामीलाई केही जानकारी छैन भनी सुरू कार्यालयमा उपस्थित भई बकपत्र गरेको पाइन्छ। वादी पक्षकै साक्षीको उक्त बकपत्र व्यहोराबाट प्रत्यर्थीहरूको इन्कारी बयान समर्थित भएको देखिन्छ। अन्य कुनै पनि मिसिल संलग्न दशी प्रमाणबाट प्रत्यर्थीहरूउपरको कसुर प्रमाणित नभएको अवस्थामा अभियोग दाबीको आधारमा मात्र प्रतिवादीहरूलाई दोषी करार गर्न नमिल्ने हुँदा प्रत्यर्थीहरू नरिन्ता कुमारी शाह र सहदेवजंग शाहले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने हुँदा प्रतिवादीहरू नरिन्ता कुमारी शाह र सहदेवजंग शाहले अभियोग दाबीबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।५ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०३८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गगन रानासमेत*

प्रतिवादी गगन रानाको अभियोग स्वतन्त्र प्रमाणबाट पुष्टि भएको नपाइँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. कसुरदार कायम गरेको सुरू अदालतको फैसला उल्टी गरी सफाइ दिएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा रहेछ भन्न नमिल्ने।

प्रतिवादी ललितबहादुर रानाले मौकामा र अदालतसमेतमा बयान गर्दा प्रतिवादीमध्येकी कली खड्काको होटलबाहिर मृतक अङ्कित शाहले माछा मार्ने प्रयोजनका लागि साथमा ल्याइ राखेको टायरको ट्युब बिर्खे रानाले चलाएको कारण मृतकले निजलाई गालीगलौज गरेको कारण आफूले निज बिर्खे रानालाई घरतिर लैजान खोज्दा मृतकले पछाडिबाट चक्कु प्रहार गर्दा ढाडमा चक्कुको चोट लागी घर गई उपचार गराई बसेको भनी आरोपित कसुरमा पूर्ण इन्कार भई बयान गरेको अवस्था छ। मौकामा बयान गर्दा सहप्रतिवादी काली खड्का र शेरबहादुर शाहीले मृतकलाई योजना बनाएको भनी मौकामा गरेको बयानमा कसुरमा निजहरूको संलग्नता देखाए तापनि अदालतमा बयान गर्दा निजहरूलाई पोल गर्न सकेको पाइँदैन। वादी पक्षका साक्षीहरूको अदालतको बकपत्रसमेतबाट प्रतिवादी ललितबहादुर रानाउपरको अभियोग पुष्टि हुन सकेको छैन। सहअभियुक्तको मौकाको पोलबाहेक अन्य कुनै स्वतन्त्र प्रमाणबाट ललितबहादुर रानाउपरको अभियोग पुष्टि हुन नसकेको पाइँदा निजलाई अभियोग दाबीको कसुरबाट सफाइ

दिएको पुनरावेदन अदालतको फैसला अन्यथा रहेको देखिन नआउने।

प्रतिवादी कली खड्काको होटलमा मृतकसमेत बास बसेको कारण सोही होटलमा मृतक र प्रतिवादीहरू बीच विवाद सृजना हुन पुगेको देखिन्छ । होटल व्यवसाय गरी बसेको ठाउँमा अन्य व्यक्ति आई विवाद हुँदा निजको उपस्थिति उक्त ठाउँमा हुनु अस्वभाविक हुन जाने पनि हुँदैन । प्रतिवादी कली खड्का, गोपाल राना र हृदय रानाले मृतकलाई मार्न कुनै सहयोग गरेको बाँधछाँद गरेको भन्ने मिसिल संलग्न कुनै तथ्यले पुष्टि गरेको पाइँदैन । वादीका साक्षीहरूले गरेको बकपत्रबाट पनि निजहरू उपरको अभियोग समर्थित भएको देखिँदैन । यस अवस्थामा निजहरू तीनै जनाले मृतकलाई मार्नमा कुनै प्रकारले सहयोग गरेको पुष्टि एवम् प्रमाणित भएको नपाइँदा सुरू एवम् पुनरावेदन अदालतसमेतबाट आरोपित कसुरबाट सफाइ दिएको फैसलालाई नमिलेको भन्न मिल्ने नदेखिने।

वारदातस्थलमा उपस्थित रही प्रतिवादीहरूले मृतकलाई मार्नमा कुनै सहयोग समर्थन गरेको वादीतर्फबाट पेस भएका कुनै पनि कागज प्रमाणबाट पुष्टि भएको नपाइँदा निजहरूलाई अभियोग दाबीको कसुरबाट सफाइ दिएको सुरू एवम् पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखिन आउने हुँदा प्रत्यर्थी प्रतिवादीहरू गगन राना, ललित राना, हृदय राना, कलबहादुर राना, डण्डबहादुर डाँगी, गोपालबहादुर शाही, लोकबहादुर राना, गोपाल राना र कली खड्काले अभियोग दाबीबमोजिमको ज्यानसम्बन्धीको कसुरबाट सफाइ पाउने र प्रत्यर्थी प्रतिवादीहरू शेरबहादुर शाही र तेजबहादुर शाहीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुर कायम गरी ऐ.नं. अनुसार ९/९ महिना सजायसमेत हुने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६९।२।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-WO-०७६०, उत्प्रेषण/परमादेश, *जोगी राना थारू वि. कुवरिया रानासमेत*

नागरिकताको विषयमा उजुरी परिसकेपछि प्रमाणको अभाव रहेको भनी नागरिकता फिर्ता हुने र मिसिल तामेलीमा रहने निर्णय गरिसकेपछि पुनः त्यही विषयलाई दोस्रोपटक उठान गरी एउटै कार्यालयबाट नागरिकता रद्द गर्ने निर्णय गरेको देखिन्छ । त्यसरी नागरिकता रद्द गर्ने आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा कानूनले प्रमाणको विवेचना गर्नु नपर्नेमा नागरिकता दिने अधिकारीलाई सो अधिकार प्राप्त भएको मान्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा मिति २०२७।१०।९ को प्रमाण पछि २०३१ सालमा जग्गु रानाले आफ्नो छोरा हो भन्ने स्वीकार गरी त्यसैको आधारमा २०४५ सालमा नागरिकता प्राप्त गरेको र निज जग्गु राना थारूको मृत्युपछिमात्र निज जग्गुको छोरा होइन भनी परेको उजुरीबाट नागरिकता बदर गर्ने गरेको कार्य प्रमाण र विवेचनाको विषय भएकामा नागरिकता ऐन, २०६३ को दफा १२ ले बदर गरेको मिलेको नहुँदा उत्प्रेषणको आदेशद्वारा मिति २०६५।१०।२३ को जिल्ला प्रशासन कार्यालय, कैलालीबाट भएको निर्णयलाई सदर गर्ने गरी भएको नेपाल सरकारको मिति २०६६।१०।१२ को निर्णय बदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१३५०, उत्प्रेषण, *वीरेन्द्र प्रसाद चौहानसमेत वि. अजयकुमार चौहानसमेत*

मुद्दा सकार गर्ने व्यक्ति मुद्दाको पक्ष नै हुने र पक्षले निर्वाह गर्ने दायित्व र परिणामप्रति निजको जिम्मेवारी रहन्छ । यस अवस्थामा मोहरपतीले फैसलाबमोजिम प्राप्त गर्ने सम्पत्ति र निजले ब्रह्मदेवलाई गरिदिएको शेषपछिको बकसपत्रबमोजिमको सम्पत्तिसमेतको लिखतमा मुद्दा सकार गर्ने जनकदुलारीदेवीको हक पुगेको मान्नु पर्ने देखिन आउने ।

बन्डा छुट्ट्याउनु पूर्व पर्सा जिल्ला अदालतबाट जारी भएको सूचना पाएर पनि निवेदकहरू डोरमा अनुपस्थित रहेको कुरा मुचुल्का व्यहोराबाट देखिँदा वादी प्रतिवादीहरूको एकै पटक बन्डा छुट्टाउनु पर्ने भन्ने विपक्षीहरूको कथन आधारयुक्त देखिएन । दण्ड सजायको ४६(३) नं. ले पनि त्यसरी तारेख गुजारी बसेको अवस्थामा खण्डे बन्डा गर्न कुनै बाधा व्यवधान रहेको अवस्थासमेत नहुँदा खण्डे बन्डा गरिएको मिलेन भन्ने रिट निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

बकसपत्रदाता र प्राप्त गर्ने व्यक्तिसमेतको मृत्यु भैसकेको अवस्थामा निजहरूको दैयादारको हैसियतले जनकदुलारीदेवीको हक स्थापित भैसकेको अवस्था हुँदा कानूनबमोजिम अंश छुट्याउने क्रममा अंश प्राप्त गर्ने व्यक्तिमध्येबाट आफ्नो हक पुगेको सम्पत्तिसम्म शेषपछिको बकसपत्र लेखी दिएको र तत्पश्चात् शेषपछिको बकसपत्र पाउनेको मृत्यु भै विपक्षी जनकदुलारीले हक प्राप्त गरी मुद्दा सकार गरी सकेको देखिँदा विवादित सम्पत्तिमा अंसियार घटेकाले घटेका अंसियारमध्येबाटै बन्डा गर्नुपर्ने भन्ने निवेदन दाबीसँगसमेत सहमत हुन सकिएन । विपक्षी जनकदुलारीले सर्वोच्च अदालतको मिति २०६७।१२।०९ को अन्तिम फैसलापश्चात् मुद्दा सकार गरी स्थापित भएको हकलाई अन्यथा गर्न सकिने अवस्था देखिएन । प्रस्तुत निवेदन दाबी खारेज हुने ।

इजलास अधिकृत: केशवप्रसाद घिमिरे
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२६८, उत्प्रेषण, *भरत घले वि. जिल्ला वन कार्यालय, काठमाडौंसमेत*

संविधानद्वारा प्रदत्त मौलिक हक वा अन्य कानूनी हकको उलङ्घन भएको अवस्थामा त्यस्तो हकको प्रचलनको लागि अन्य वैकल्पिक उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचार प्रभावकारी नभएको अवस्थामामात्र हनन् भएको त्यस्तो हकको प्रचलनका लागि यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्थामा यी निवेदकले कानूनतः वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेको वा यो यति कारणले त्यस्तो उपचार प्रभावहीन भएको भनी स्पष्ट गर्न सकेको अवस्था देखिएन । वैकल्पिक उपचारका न्यायिक मार्गहरू अवरूद्ध भएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुनसक्ने रिट निवेदनको सैद्धान्तिक मान्यता हुन आउने ।

समानस्तरका प्रतिवादी हरी तुलाचनलाई भएको सजायसरह आफूलाई सजाय नगरी असमानरूपमा पाँच वर्ष कैद गर्ने जिल्ला वन कार्यालय, काठमाडौंको फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत असमान भई उत्प्रेषणको आदेशद्वारा बदर गरी हरी तुलाचनसरह सजाय गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य दाबी लिई दायर हुन आएको प्रस्तुत रिट क्षेत्रबाट कानूनतः अख्तियारप्राप्त निकायले तथ्य प्रमाणको विश्लेषण गरी भएको फैसला बदर गर्न मिल्ने अवस्था देखिन नआउने ।

समानस्तरको प्रतिवादीलाई असमानस्तरको सजाय भएको भन्ने विषय रिट क्षेत्रबाट हेर्ने विषय

देखिएन । प्रतिवादीलाई अन्यायपूर्ण फैसला भएको भए त्यसकाउपर यी निवेदकले कानूनको व्याख्या गरी कानूनबमोजिम पुनरावेदन गर्नुपर्ने हुन्छ। कानूनबमोजिम भएको फैसलाहरूमा एकतह पुनरावेदन गर्ने हकलाई निवेदकले न्यायिक उपचारको मार्गको रूपमा प्रयोग नगरी सोझै रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा जिल्ला वन कार्यालय, काठमाडौँले गरेको निर्णयलाई असाधारण उपचारको मार्गद्वारा बदर गर्ने कानूनी एवम् संवैधानिक व्यवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०२४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रोहितकुमार कार्की*

मौकामा कागज गर्ने विन्दा आचार्यबाहेक अन्य व्यक्तिहरूले समेत मृतक इन्दिराको मृत्युको कारण यही हुनुपर्छ भनी भन्न सकेको अवस्था पनि देखिँदैन। अस्पतालमा पुग्दासम्म मृतक होसमै रही मर्नु केही अघिसम्म मात्र बोल्न छोडेको र आफ्नो मृत्युका सम्बन्धमा केही नभनी खाली पेट पोल्छ भनेको र के भएर पेट पोलेको हो भनी भनेको पनि देखिँदैन । Autopsy Report मा The cause of death can be detected after viscera report भन्ने उल्लेख भै केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट भिसेरा परीक्षण भै आउँदा विष Negative भन्ने उल्लेख भएबाट पनि मृतकको मृत्युको कारण विषादीको कारणबाट भएको भन्ने देखिँदैन । उपचारमा संलग्न चिकित्सक गोविन्द कार्कीले अदालतमा बयान गर्दा पनि मृत्युको कारण विषादीबाट भएको भन्न नसक्नुको साथै Blood Presser low भएको भनी जवाफ दिएको पाइन्छ भने भिसेरा परीक्षण गर्ने प्र.नि. उद्धव बलामी र उपेसकुमार चौधरीले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले के पायो थाहा भएन हाम्रो परीक्षणमा इस्टोम्याक र लिभर परीक्षण गर्दा विषादी पाउन नसकेको भनी Viscera परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी विशेषज्ञ भिनुशोभा तुलाधनले जिङ्क फोस्फाइड भेटिएको र त्यो तत्त्व मुसा मार्ने विषमा हुन्छ जसको सेवनबाट मानिसको मृत्यु पनि हुन सक्छ भनी बकपत्र गरे पनि त्यसको सेवनबाट कस्तो किसिमको असर देखिन सक्छ भन्ने सम्बन्धमा खुलाउन सक्दिन भनी बकपत्र गरेबाट त्यस्तो परीक्षण प्रतिवेदनलाई प्रमाण लिई अनुमान गरी मृतकको मृत्यु विष सेवनबाट भएकै हो भन्न सकिने अवस्था पनि नरहने ।

प्रतिवादीउपर आफ्नी श्रीमतीलाई खानामा विष मिसाई दिने कर्तव्य गरी ज्यान मारेको भन्ने अभियोग भए पनि वारदात हुँदाका दिन बिहानै यी प्रतिवादी घरबाट बाहिर करिब २ घन्टाको दूरी सदरमुकाम गएको, त्यहाँबाटै फोनमार्फत श्रीमती बिरामी भएको खबर सुनी चिकित्सकसमेत बोलाई प्राथमिक उपचार गराउँदा ठीक नभएपश्चात् थप उपचारको लागि सदरमुकामसम्म लगेकोसमेतका यी प्रतिवादीका क्रियाकलापबाट आफ्नी श्रीमतीलाई मार्ने मनसाय थियो भन्न र खानामा विष मिसाई दिएको भन्ने पुष्टि हुन नसक्ने ।

अभियोजन गर्ने वादीपक्षले ठोस सबुत प्रमाणबिना प्रतिवादीले मृतक विरूद्ध पहिले गरेका व्यवहार र मौकामा कागज गर्ने र अदालतमा आई बकपत्र गर्ने जाहेरवालासमेतका व्यक्तिहरूले विष खुवाई मारेको शङ्का लाग्छ भन्दैमा भिसेरा परीक्षणसमेतबाट विषादी प्रयोग भएको नपाइएको स्थिति र मृतकलाई विष खुवाएको भन्ने ठोस सबुत प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अनुमान र शङ्काको भरमा कसुरदार ठहर गर्नु फौजदारी कानून र न्यायका सिद्धान्तको प्रतिकूल हुन जाने र वादीपक्षले आफ्नो अभियोगलाई सप्रमाण शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको यस अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने नै हुन्छ । मृतकलाई विष खुवाएको भन्ने ठोस

सबुत प्रमाणबाट पुष्टि भएको नदेखिएको र आफू बिरामी भै मृत्यु शय्यामा पुग्दासम्म होसमै रहेको मृतकले समेत मृत्युको कारण नबताएको अवस्थामा अनुमानको भरमा र प्रतिवादीले मृतकप्रति गरेका पूर्व व्यवहारलाई ज्यान जस्तो फौजदारी अपराधमा अदालत आफैँले प्रमाणको सृष्टि गरी अभियुक्तलाई दोषी करार गर्नु विवेकपरक नहुनुको साथै न्यायको विपरीत हुनजाने हुँदा अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसित सहमत हुन नसकिने हुँदा यी प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरको सोही महलको १३(२) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर्‍याई भएको फैसलालाई उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७/१२/१५ को फैसला इन्साफको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ माघ १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०१९२, कर्तव्य ज्यान, *राजकुमार भन्ने फुर्वा दोर्जे तामाङ वि. नेपाल सरकार, कुमार तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तु लामासमेत*

प्रतिवादी फूर्वा दोर्जे तामाङले घेवामा वादविवाद भएको केही समयपछि मृतक मिलन लामालाई घर लैजान भनी भन्नु, घर लैजाने मानिसहरूले बीच बाटोमा अपरिचित समूहसँग विवाद भएपछि छाडेर आउनु, त्यसपछि कसैलाई केही नभनी बस्नु, सहअभियुक्तहरूले प्रतिवादी राजकुमार भन्ने फुर्वा दोर्जे तामाङ र मृतक मिलन लामाबीच झगडा भएकाले सोही रिसइवीको कारण निज फुर्वा दोर्जेको योजनामा मानिसहरू लगाई कुटपिट गरी मारेको हुन सक्छ भनी अनुसन्धानको क्रममा बयान गर्नु र मौकामा बुझिएका मानिसहरूले समेत सोही व्यहोरा लेखाई दिनु, मौकामा कागज गर्ने फुर्वा लामाले रातको १:०० बजे तिर ८ जना जति मानिसको बीचमा कुमार तामाङलाई प्रस्ट चिनेको भनी अदालतसमक्ष गरेको बकपत्र तथा प्रहरीमा कागज गर्ने दावा पासाङ तामाङ र बच्चु तामाङको बकपत्र व्यहोरा साथै घेवामा खाना पकाउन प्रयोग गरिने उत्तिसको चिरपट दाउराको कप्टेरा वारदातस्थलमा फेला पर्नुसमेतका माथि विवेचना गरिएका परिस्थितिजन्य प्रमाणबाट प्रतिवादीहरू राजकुमार भन्ने फुर्वा दोर्जे तामाङ र कुमार तामाङले अभियोग दाबीबमोजिको कसुर गरेको भन्ने पुष्टि हुन आएको हुँदा, अभियोग दाबीबाट सफाइ पाउनु पर्ने भन्ने पुनरावेदक प्रतिवादीहरू राजकुमार भन्ने फूर्वा दोर्जे तामाङ र कुमार तामाङको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । यी प्रतिवादीहरूलाई वारदात स्थलमा देख्ने चश्मदिद गवाह रहे भएको अवस्था पनि देखिदैन भने मृतक मिलन लामासँग पूर्व रिसइवी रहेको भन्ने पनि देखिँदैन । साथै यी प्रतिवादीहरूलाई कसुर ठहर भएका प्रतिवादीहरू राजकुमार भन्ने फूर्वा दोर्जे तामाङ र कुमार तामाङले पोल गरेको पनि देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने तथ्यलाई पुष्टी गर्ने किसिमका ठोस सबुद प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्तमा नाम समावेश भएको भन्ने आधारमा मात्र कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

प्रतिवादीहरू सन्तु लामा, मिलन तामाङ, सुकुमान तामाङ, राम तामाङ, लक्ष्मण तामाङ र रामलाल

लामाउपरको अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादीहरू राजकुमार भन्ने फुर्वा दोर्जे तामाङ र कुमार तामाङलाई अभियोग दाबीबमोजिम जन्मकैदको सजाय गरी अन्य प्रतिवादीहरू सन्तु लामा, मिलन लामा, रामलाल लामा, सुकुमान तामाङ, राम तामाङ र लक्ष्मण तामङलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला न्यायोचित देखिन आउने।

प्रतिवादीहरू कुमार तामाङ र राजकुमार भन्ने फुर्वा दोर्जे तामाङलाई अभियोग माग दाबीबमोजिम जन्मकैदको सजाय गरी अन्य प्रतिवादीहरू सन्तु लामा, मिलन लामा, रामलाल लामा, सुकुमान तामाङ, राम तामाङ र लक्ष्मण तामाङलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०६८।०७।२३ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्ण प्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०११९५, कर्तव्य ज्यान, *मनवीर लिम्बू वि. नेपाल सरकार*

मृतक धनवीर लिम्बू क्रोधी र असन्तुष्ट स्वाभावको भएको र वारदातको समयमा पनि बाबु आमा तथा भाइबुहारीसँग निहुँ खोजी कुटपिटसमेत गरी घरमा अशान्ति मच्चाएको कारण यी प्रतिवादीले गाउँका अन्य व्यक्तिहरूलाई बाँधछाँद गर्न लगाई लात्ती, मुड्की र बाँसको लाठीले कुटपिट गरेको कारण निजको मृत्यु भएको अवस्था देखिन्छ। मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी र पूर्व योजनासमेत नभएको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ जोखिमी हतियारले प्रहार गरेको स्थितिसमेत देखिँदैन। साथै मुद्दाको अनुसन्धानको क्रममा सत्यतथ्य कुरा व्यक्त गरी मुद्दाको कारवाहीमा सहयोग पुऱ्याएको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी मनवीर लिम्बूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी इलाम जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्षमात्र कैद सजाय गर्ने गरी राय व्यक्त गरिएको पुनरावेदन अदालत, इलामको मिति २०६८।७।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी मनवीर लिम्बूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः कृष्ण प्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम्।

## इजलास नं. ६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** २०७०-CR-१३४५, जालसाजी, *लक्ष्मी केशरी श्रेष्ठ वि. विकुमाया चक्रधरसमेत*

जालसाज ठहर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी भक्तपुर जिल्ला अदालतबाट भएको मिति २०६६।१।३० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।७।१० को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६९-WO-००३२, उत्प्रेषण, *राजमान शाक्य वि. मालपोत कार्यालय, पर्सासमेत*

मुलुकी ऐन अ.बं. ११० नं. ले म्यादमा उल्लिखित व्यक्ति भेट भएन वा चिन्न सकिएन वा निजको घरद्वार पनि फेला परेन भने त्यस्तो म्याद तामेल गर्न हुँदैन भनी निषेधात्मक व्यवस्था गरेको देखिँदैन । घरद्वार उल्लेख भएको तर तामेलदारले त्यस्तो पत्ता पाउन नसकेकामा त्यस्तो म्याद तामेल नगरी त्यसै फर्काएर ल्याउने कुरा नहुने ।

ऐनले बेरीतपूर्वक म्याद तामेल भएको सम्बन्धमा हदम्यादको व्यवस्था गरिदिएको अवस्थामा उक्त २०८ नं. को बेवास्ता गरी रिट जारी गर्नु उपयुक्त हुँदैन । अ.बं. २०८ नं. एक बाध्यात्मक व्यवस्था हो । निवेदकका नाममा अदालतले आफ्नो क्षमताले भ्याएसम्म म्याद तामेल गर्न खोजेको तर निवेदकको घरद्वार पत्ता नलागेकाले निवेदक बसेको वडा कार्यालयमा म्याद बुझाएर आफ्नो दायित्वलाई कानूनबमोजिम पूरा गरेको कार्यबाट निवेदक सुनुवाइको मौकाबाट वञ्चित भएको भनी मान्न र प्रस्तुत विवादमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्न नमिल्ने ।

निवेदक विपक्षी संतोषकुमार गुप्तासँग ऋण लिएका व्यक्ति हुन् । निजले धनीलाई समयमा ऋण चुक्ता गर्न सकेको पाइँदैन । यस अवस्थामा ऋण तिर्नुपर्ने दायित्वप्रति सजग रही निवेदकले पनि धनीसँग सम्पर्क गर्नु पर्ने र कुनै मुद्दा मामिला पर्‍यो कि भनी जानकारी लिनुपर्ने निजको कर्तव्य हुन्छ । तर निवेदक आफ्नो दायित्वप्रति जिम्मेवार नभई चुप लागी बसेको अवस्था छ। २०६२ सालदेखि निवेदकलाई रोग लागी एक वर्ष अस्पतालमा बस्नु परेको भन्ने निवेदकको जिकिर भए पनि तत्सम्बन्धी कुनै प्रमाण पेस हुन सकेको पाइँदैन । साथै उक्त आधारमा म्याद बदर हुने कानूनी व्यवस्था रहे भएको पनि नदेखिने ।

निवेदकले चुनौति दिएको म्याद तामेलीमा कुनै कानूनी त्रुटि नपाइएको साथै निवेदक आफ्नो दायित्वप्रति सचेत नरही लापरवाह रहेको र लामो कालपश्चात् परेको रिटको आधारमा अदालतबाट भएको कामकारवाही बदर गर्दा झनै जटिलता उत्पन्न हुने देखिन्छ । यसमा निवेदकले स्वीकार गरेबमोजिम नै फैसला भएको अवस्थामा निवेदकको मागबमोजिम रिट आदेश जारी गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) ले व्यवस्था गरेको पूर्णरूपमा न्याय प्रदान हुनुको सट्टा उल्टो परिणाम आउनेसमेत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७०-WO-०१२८, उत्प्रेषण/परमादेश, *भिष्मप्रसाद जोशी वि. त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय, कीर्तिपुर काठमाडौंसमेत*

कुनै विषयवस्तुको परीक्षाको लागि कति समय र पूर्णाङ्क उपयुक्त हुन्छ भन्ने कुरा त्यसमा विशेषज्ञताप्राप्त निकायबाट ठहर हुनु उपयुक्त हुने हुँदा सोही प्रयोजनको लागि त्यस्तो निकाय स्थापित भएको हुन्छ । कम समयमा सम्पन्न हुनसक्ने कुरामा लामो समय दिनुको कुनै औचित्य र अर्थ नरहने ।

सक्षम र समर्थ निकायबाट परीक्षा सञ्चालन भएको र संशोधित समयतालिका तथा पूर्णाङ्कसमेतका कुरालाई स्वीकार गरी निवेदक त्यसमा सहभागी भएकामा निवेदक उक्त परीक्षामा राम्रो अङ्क ल्याउन नसकेपछिमात्र प्रस्तुत रिट निवेदन परेको निवेदकको यस्तो अवसरवादी आचरणतर्फ आँखा चिम्लेर रिट जारी गर्नु उपयुक्त हुँदैन । यसमा सफल परीक्षार्थीहरू

समेतले पुनः परीक्षा दिँदा निजहरूको समय, श्रम र पैसाको खति हुने स्पष्ट छ । यस्तोमा रिट जारी गर्नु सुविधा र सन्तुलनको हिसाबले पनि मुनासिब नहुने ।

व्यक्तिगत हकहित र सामाजिक हकहित बाझिएमा सामाजिक हकहितले मान्यता पाउने भन्ने विधिशास्त्रीय अवधारणा रहेको पाइन्छ । तर निवेदकको व्यक्तिगत हकको पनि हनन् नभएको अवस्थामा निवेदन दाबीबमोजिम सम्पूर्ण परीक्षा र सोको नतिजा बदर गर्नु उपयुक्त नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: वसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७१-WO-०२०५, उत्प्रेषण/परमादेश, *साबित्री भट्टराई वि. कार्यकारी परिषद् त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौंसमेत*

कुनै संस्थाको आन्तरिक कारणवस वा सम्बन्धित कर्मचारीको गल्तीको कारणले गर्दा सम्बन्धित नियमले निर्धारित गरेको समयावधि समाप्त हुनासाथ निवेदिकालाई अवकाश दिन ढिलाई भई निवेदिकाले सो बढी अवधि पनि सो निकायमा रहेको कारणले मात्र कानूनले निर्धारण गरेको समायावधिभन्दा अतिरिक्त अवधिलाई समेत समेटेर पेन्सन पट्टा बनाउन मिल्छ भनी अर्थ गर्न मिल्ने नदेखिने ।

निवेदिकाले रिट निवेदनसाथ पेस गरेको मिसिल संलग्न निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको छायाँप्रति हेर्दा निजको जन्म मिति २०१२।३।७ देखिन्छ भने प्रवेशिका परीक्षा उत्तीर्ण गरेको To Whom it may concern (जो जससँग सम्बन्धित छ) भन्ने प्रमाणपत्रको प्रतिलिपि हेर्दा जन्ममिति २००७।२।७ वि.सं. रहेको देखिन्छ । जसअनुसार निजको उमेर विरोधाभाषपूर्ण भई निवेदिका स्वयम्ले एकिन जन्ममिति पेस गर्न सकेको पाइँदैन । यस स्थितिमा निवेदिकाले लिएको नागरिकतामा हस्ताक्षर मिति २००३।५।१५ उल्लेख भएकोलाई नै त्रिभुवन विश्वविद्यालयले त्रि.वि. कर्मचारी सेवासम्बन्धी नियमावली, ५० को नियम ५०(१) बमोजिम जन्ममिति  कायम गरेकोलाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिने ।

निवेदिकाले २०६६।५।१५ पछि २०६८।८।१ सम्म काम गरेको र त्यसपछि राजीनामा दिएकाले २०६८।८।१ लाई आधार मानी पेन्सन पट्टा बनाउनु पर्ने जिकिर लिएकामा त्रि.वि. शिक्षक सेवा कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम ५०(१) बमोजिम आफ्नो नागरिकताको आधारबाट अर्थात् २००३।५।१५ देखि २०६६।५।१४ सम्म ६३ वर्ष पुग्ने हुनाले त्यसपछि गरेको सेवा कानूनी स्वरूपको नभै (Dejure) संस्थाको भूलबस काम गरेकाले वास्तविकरूपबाट काम गरेको (Defacto) प्रकृतिको देखिन आएको छ । कानूनबमोजिम पदाधिकार कायम नरहेको अवस्थाको हकमा पनि काम गरेको अवधिको  तलब भत्ता निवेदिकाले पाउनै पर्ने हुन्छ र सो कुरामा विवाद नरहेको देखिए पनि कानूनी रूप (dejure) बाट कायम हुन नसक्ने सेवा अवधिबापत कानूनअनुरूप प्रदान गरिने पेन्सन पट्टा जस्तो प्रकृतिको सुविधा निवेदिकाले प्राप्त गर्नसक्ने अवस्था हुन नसक्ने हुँदा २००३।५।१५ को मितिलाई आधार मानी निवेदिकाले मिति २०६६।५।१५ देखि ६३ वर्ष उमेरको हदबाट अवकाश पाउने ठहर्‍याई त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोगबाट मिति २०७१।२।९ मा भएको निर्णय कानूनअनुरूपकै देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरी अवकाश मिति २०६६।५।१५ पछि पनि पेन्सन पट्टा बनाउने सुविधा पाउँ भनी पर्न आएको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१२८, हातहतियार खरखजाना, *नेपाल सरकार वि. महानन्द सडोक यादव*

प्रतिवादीबाटै अवैध हातहतियार बरामद भएको हो भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको पाइँदैन । तथ्ययुक्त प्रमाणहरूको अभावमा कुनै पनि व्यक्तिमाथि अभियोग लगाउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

मिसिल संलग्न प्रमाण हेर्दा निज प्रतिवादीको साथबाट पेस्तोल र गोली बरामद भएको भन्ने ठोसरूपमा प्रमाणित हुन सकेको देखिएन । एकिन र ठोस प्रमाणको अभावमा केवल प्रहरीबाट भएको घटनास्थल बरामदी मुचुल्कालाई मात्र आधार मानी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम अवैध हातहतियार मुद्दामा दोषी ठहर्‍याई सजाय गर्नु न्यायसंगत हुने देखिँदैन । तसर्थ प्रतिवादी महानन्द सडोक यादवलाई कसुरदार ठहर गरेको जिल्ला प्रशासन कार्यालय, सप्तरीको मिति २०६६।१२।९ को फैसलालाई उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।५ को फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१३२, हातहतियार खरखजाना, *नेपाल सरकार वि. अमृत भन्ने नरेन्द्रप्रसाद यादव*

प्रतिवादीबाटै अवैध हातहतियार बरामद भएको हो भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको पाइँदैन । तथ्ययुक्त प्रमाणहरूको अभावमा कुनै पनि व्यक्तिमाथि अभियोग लगाउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

मिसिल संलग्न प्रमाण हेर्दा निज प्रतिवादीको साथबाट पेस्तोल र गोली बरामद भएको भन्ने ठोसरूपमा प्रमाणित हुन सकेको देखिएन । एकिन र ठोस प्रमाणको अभावमा केवल प्रहरीबाट भएको घटनास्थल बरामदी मुचुल्कालाई मात्र आधार मानी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम अवैध हातहतियार मुद्दामा दोषी ठहर्‍याई सजाय गर्नु न्यायसंगत हुने देखिँदैन । तसर्थ प्रतिवादी अमृत भन्ने नरेन्द्रप्रसाद यादवलाई कसुरदार ठहर गरेको जिल्ला प्रशासन कार्यालय, सप्तरीको मिति २०६७।१।२० को फैसलालाई उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२ को फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०१०६, ०७१०, अंश चलन, *अर्विनरत्न शाक्य वि. अमिररत्न शाक्यसमेत, अमिररत्न शाक्यसमेत वि. अर्विनरत्न शाक्य*

कि.नं. १४३७ को घर जग्गामध्येबाट ४ भागको १ भाग अंश पाउने कुरा ठहर भएकामा वादीले स्वीकारेको अवस्था छ । हिमालयन बैङ्कसँगको ऋणको हकमा अंसियार सबैलाई बराबर तिर्नुपर्ने गरी न्याय पाउँ भनी प्रतिवादीको पुनरावेदन जिकिर छ । कि.नं. ७१५ को जग्गाको स्वामित्व भएका व्यक्ति प्रतिवादी नभई प्रतिवादी अमिररत्नको भाइ अन्जयरत्न हुन् भन्ने कुरा मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको छ । यिनै पुनरावेदक वादीले प्रतिवादी अमिररत्न शाक्यसमेतउपर दर्ता गराएको जालसाजी मुद्दामा वादीले तारिख गुजारी मिति २०६६।१।१७ मा सुरू काठमाडौं जिल्ला अदालतबाट

डिसमिस भएको प्रमाण मिसिलबाट देखिँदा वादीले जालसाजी मुद्दामा आफ्नो दाबी अस्वीकार गरी फैसला गराउन नसकेको हुँदा सो मुद्दामा जालसाजी ठहर्न नसकेबाट वादीले जिकिर लिएको कि.नं. ७१५ को जग्गा अन्जयरत्नको नाम दर्ताको देखिई उक्त जग्गाबाट समेत अंश पाउने भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

साहूको उजुरी परेका बखत ऋण निश्चित भै ठहरेबमोजिम हुने नै हुँदा हालै ऋण कट्टा गरी अंश दिने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदकले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख भएको कि.नं. १४३७ को घर जग्गामध्ये वादीको पिता १ सौतेनी आमा, १ र सौतेनी आमा पट्टिको भाइ १ र वादी गरी जम्मा चार अंसियार कायम भएको मिसिलबाट देखिँदा वादी अर्विरत्न शाक्यको पिताको भागबाट निज र अंसियारहरू तीनजना सगोलको भन्ने मिसिलबाट देखिँदा जम्मा चारजना अंसियार देखिएकाले सो सम्पत्तिलाई चार भाग गरी सो चार भागको १ भाग वादीले अंश छुट्ट्याई चलनसमेत पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७१-WO-०७०५, उत्प्रेषण/परमादेश, *नारायणदत्त पौडेल वि. पुष्पराम के.सी.समेत*

प्रहरी सङ्गठनको मूल आधार अनुशासन र कर्तव्यपरायणता हो। आफूलाई अधिकार नै नभएको कार्य गर्नु गैरजिम्मेवारीपनको गम्भीर उदाहरण हो। यो कार्य भैसकेपछि यसमा पछिबाट के के भयो भन्ने कुराको खासै महत्त्व हुँदैन। तथापि जे जति प्रशिक्षार्थी सहभागी भएका छन् तिनलाई तालिम दिनुबाहेक अरू विकल्प नभएकाले तालिम सञ्चालन र समापन भएकै कारणबाट निवेदकले आफ्नो गल्तीबाट उन्मुक्ति पाउने अवस्था नरहने।

निवेदकले भविष्यमा राम्रो काम गरेर आफूलाई सुधार्न र क्षतिपूर्ति गर्न सक्ने गरी नसिहतसम्मको नरम सजाय दिइएको विपक्षीको काम कारवाहीलाई बदनियतपूर्ण र प्रवृत्तभावनाले ग्रस्त काम कारवाही भनी भन्न र मान्न सक्ने कुनै आधार निवेदकले दिन सक्नु भएको देखिँदैन। यसर्थ निवेदकलाई सशस्त्र प्रहरी नियमावली २०६० को प्रक्रिया पुर्‍याई सो नियमावलीको परिच्छेद १० को नियम ८५ को कसुरमा नियम ८४ को खण्ड (क)(२) बमोजिम नसिहतको सजाय गरेको सुरू र सोही निर्णय सदर गरेको पुनरावेदन निर्णयमा रिट क्षेत्रबाट हस्तक्षेप हुने खालको त्रुटिको विद्यमानता देखिन नआएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: वसन्तजङ्ग थापा

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७१-WO-०७०७, उत्प्रेषण/परमादेश, *शेरबहादुर घले गुरूङसमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

परीक्षामा सहभागी भएपछि त्यसको नतिजा आफूअनुकूल नआएको कारणबाट परीक्षा सञ्चालन गर्नेको अधिकारक्षेत्रमा चुनौती दिन नमिल्ने भनी यस अदालतबाट कयौं आदेश भै सो कुरा कानूनी सिद्धान्तकै रूपमा प्रतिस्थापित छ । निवेदकहरूले पनि प्युठान नगरपालिकाको प्रशासकीय भवन कहाँ बनाउने भन्ने बारेमा भएको कामकारवाहीमा सम्मिलित

भैसकेपछि त्यसको परिणाम आफूअनुकूल नभएपछि यो रिट निवेदन दिएकोलाई स्वच्छ आचरणसमेत मान्न नसकिने।

समुदायको एक पक्षप्रति पूर्वाग्रह र निवेदक पक्षप्रति बदनियत वा प्रवृत्त भावना लिई सदरमुकाम तोकेको अवस्था नदेखिएसम्म अथवा कानूनको स्पष्ट त्रुटि गरी सदरमुकाम तोकेको नदेखिएसम्म समुदायका पक्षहरूका बीचमा उठेको विवादमा यो अदालतले तटस्थ बस्नु हितकर हुन्छ । तपसिलका यस्ता कुराहरू समुदायले नै मिलाउनु उपयुक्त हुन्छ । समुदायले मिलाउन नसकेमा निवेदकहरूले सम्बन्धित मन्त्रालयमा यथार्थ कुरा राख्नु उचित हुन्छ। यससम्बन्धमा विपक्षी प्रमुख जिल्ला अधिकारीले आफ्नो निर्णयमा *उपल्लो निकाय वा न्यायिक निर्णयको लागि जानु भनेर* निवेदकहरूलाई सुझाव दिएको देखिन्छ। उक्त मार्ग किन कसरी अनुपयुक्त भयो निवेदकहरूले सो कुरा स्पष्ट नगरी सोझै रिटमा प्रवेश गरेकोलाई यो इजलासले मनासिब मान्न नसकिने।

विकास भन्ने कुरा केन्द्र तोक्दैमा भैहाल्ने वा नतोक्दैमा नहुने कुरा होइन । समयले सबै चीजमा परिवर्तन ल्याउँछ । यसलाई निवेदकहरूले सहजरूपमा लिएर आगामी चुनौतीहरूलाई आफ्नो दुरदर्शिता, सुझबुझ, बुद्धिमत्ता, सद्भाव, मेहनत र इमानदारीले समाधान गर्नु उपयुक्त हुने हुँदा निवेदकहरूले उठाएको विषयवस्तुको निरूपण रिटबाट हुन सक्ने नभएकाले विपक्षीहरूसँग लिखितजवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: वसन्तजङ्ग थापा

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०२४४, ०२७५, भ्रष्टाचार, *नेपाल सरकार वि. अच्युतकृष्ण खरेलसमेत, अच्युतकृष्ण खरेल वि. नेपाल सरकार*

गोडधुवा, मुख हेर्ने, दशैं, तीज जस्ता सामाजिक परम्पराका सन्दर्भमा महिलाको केही न केही रकम आर्जन हुने तथ्य नेपाली समाजको परिवेशमा नकार्न नसकिने।

यस्तो आयलाई यस अदालतले मान्यता दिने गरेको हुँदा प्रतिवादीहरूको पारिवारिक हैसियत र पृष्ठभूमिलाई समेत विचार गरी प्रस्तुत मुद्दामा न्यायोचित अनुमानका आधारमा दशैं, तीज, पास्नी जस्ता अवसरमा प्राप्त हुने धनबापत प्रतिवादी मीना खरेलको रू. १,००,०००।– आय कायम गरेको विशेष अदालतको फैसला अन्यथा मान्न मिल्ने नहुने।

एकासगोलमा रहेकी छोरी नाताकी चाँदनी खरेलले कुनै संस्थामा सेवा गरेबापत पारिश्रामिकस्वरूप आय आर्जन गरेको तथ्य सम्बन्धित संस्थाको पत्रबाट पुष्टि भएको अवस्थामा त्यस्तो आयलाई प्रतिवादीको आयमा गणना गर्नुपर्ने।

एउटै वित्तीय संस्थामा बुझाएको कर्जा खर्चमा कायम गर्ने तर लिएको कर्जा भने आय कायम गर्न नमिल्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर दोहोरो मापदण्डमा आधारित देखिँदा कानूनसम्मत नदेखिने।

प्रतिवादीले बैंक ब्याज, सेयर लाभांश तथा बचतपत्रबापत प्राप्त ब्याज आफ्नो बयान मागअनुरूप हुनुपर्ने भनी पुनरावेदन पत्रमा जिकिर लिएको सम्बन्धमा विचार गर्दा त्यस्ता रकम वैध अवैध छुट्ट्याउन सक्ने स्थिति नहुने हुनाले न्यायोचित अनुमानका आधारमा ३० प्रतिशतसम्म रकम आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिने।

आरोपपत्रमा उल्लेख भएअनुसारको प्रतिवादीका जिम्मामा रहेको कूल सम्पत्तिभन्दा प्रतिवादीको वैधानिक आम्दानीको स्रोत बढी नै रहेको देखिएको उल्लिखित स्थितिमा अनुमानका भरमा प्रतिवादीलाई कसुदार कायम गर्न र सजायको भागिदार बनाउनु कानूनको मनसायविपरीत हुने।

वस्तुनिष्ठ प्रमाण र मनासिब आधार तथा कारणविना गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भनी आरोपपत्रमा आरोपित गरिनु मात्र आफैँमा पर्याप्त हुँदैन, त्यस्तो आरोप तथ्यपूर्ण, निश्चयात्मक र वास्तविक आधार र प्रमाणबाट खम्बिर हुनुपर्ने।

प्रतिवादी अच्युतकृष्ण खरेल, मीना खरेल र आयुष खरेललाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको विशेष अदालत काठमाडौँको मिति २०६८।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादी अच्युतकृष्ण खरेलको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल माघ २५ गते १ रोज शुभम्।

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RE-००४१, उत्प्रेषण, *सोनाम छिरिङ शेर्पा वि. नोर्बु वाङ्गेल लामा*

यसमा अखिल नेपाल हिमाली बौद्ध सङ्घको कार्यसमितिको म्याद मिति २०७२।३।२० सम्म रहेको भन्ने कुरामा विवाद नभएको र सोअगावै कार्य समितिको म्याद संस्थाको विधानबमोजिम रीतपूर्वक थप भैसकेको भन्ने छलफलबाट समेत नदेखिएको एवम् मिति २०७२।३।१६ मा जिल्ला प्रशासन कार्यालयले कार्यसमिति विघटन गरी तदर्थ समिति गठन भै उक्त समितिबाट मिति २०७२।४।२३ गतेको अधिवेशनबाट अर्को कार्यसमितिको चयनसमेत भैसकेको भन्ने पुनरावेदन अदालतबाट प्राप्त मिसिलबाट देखिएको हुँदा विघटित कार्यसमितिको पदावधिले निरन्तरता पाउनसक्ने अवस्थासमेत नदेखिएकाले त्यस अदालतबाट मिति २०७२।४।२८ मा जारी भएको अन्तरिम आदेशको प्रयोजन नदेखिँदा बदर हुने।

इति संवत् २०७२ साल भदौ १८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या.श्री ओमप्रकाश श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-NF-०१४, जालसाजी, मु.स. गर्ने *खैतुन तेसा वि. तेतरी मियाइनीसमेत, अम्बरलाल माझी वि. तेतरी मियाइनीसमेत*

एउटै लिखत विरूद्ध दुई विषयमा मुद्दा गर्न पाउने गरी कानूनले दुई बाटो प्रदान गरेकामा कुनै एक वा दुवै बाटो रोज्ने अधिकार वादीको हुने।

दुई विषयमा नालिस परेको अवस्थामा अदालतले निर्णय गर्दा मुद्दामा भएको तथ्य, उपचारको प्रकृति, हानी नोक्सानीको परिपूरण हुनसक्ने नसक्ने अवस्था र दुईमध्ये मूलभूत उपचार के हुनसक्छ जस्ता यावत् कुरामा दृष्टि पुर्‍याई निर्णय गर्नु न्यायोचित हुने।

जालसाजी घोषित गरी सजायसमेत हुन दाबी गरेको लिखत र लगाउको लिखत बदर मुद्दामा आफ्नो हकसम्म लिखत बदर गर्न दाबी गरेका राजीनामा र बकसपत्रका लिखत उही रहेको र लिखत बदर दर्तासमेतको मुद्दामा भएको फैसलाबाट वादीको हकजति लिखत बदर भई दर्तासमेत हुने गरी वादीले कानूनी उपचार प्राप्त गरी निजको हक स्थापित भइरहेको र हक मेटिने कार्य नभएको स्थितिमा हक मेटिने कार्य भयो भनी जालसाजीमा सजाय गर्न मनासिब हुने नदेखिने।

दाबीमा उल्लिखत लिखतमध्येबाट २ भागमध्येको १ भागको हदसम्म लिखत जालसाजी ठहर गरी यस अदालत संयुक्त इजलासबाट मिति २०६१।१।१६ मा भएको फैसला उल्टी भै जालसाजीतर्फको वादीको दाबी पुग्न नसक्ने ठहर्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६७-WO-०५१०, परमादेश, *विरक्त*

*स्वामी सम्बुद्धसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

धर्म संस्कृति व्यक्ति एवम् समाजको पहिचान हो। धर्म संस्कृतिद्वारा समाज निर्देशित र नियन्त्रितसमेत हुन्छ । मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरिआएको हुन्छ । धर्म संस्कृतिको धरोहरका रूपमा धार्मिक स्थल, धार्मिक गुठीहरू रहेका छन् । यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन जान्छ । परम्परादेखि चलि आएको प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार (right to life) कै रूपमा रहन जाने हुन्छ सांस्कृतिक, धार्मिक सम्पदाले इतिहास बोलिरहेका समेत हुन्छन् । यसबाट नै व्यक्ति एवम् समाज अपनत्व, जिम्मेवारी, उत्तरदायित्व, नैतिकता, मानवीयता जस्ता तत्त्वले युक्त हुन जान्छ । धर्म, सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ । यसले समाजलाई संयमित एवम् मर्यादित बनाउन मद्दत गर्ने ।

निवेदकले देवस्व सम्पदा रातारात व्यक्तिको नाममा दर्ता भएको भनी निवेदनमा उल्लेख गरे पनि सो निवेदकले देखाउन सकेको देखिँदैन र सोअनुरूप भएको भन्ने पनि देखिँदैन । विद्यमान कानून अपर्याप्त छ भन्नेले सो अर्पयाप्तता देखाउनसमेत सक्नुपर्दछ । भइरहेको कानूनले नै निवेदनमा जिकिर लिएका माग दाबीलाई सम्बोधन गरिरहेको स्थिति देखिँदा कानूनको अपर्याप्तता मान्न नसकिने ।

समाजमा जातीय लडाइँ, फरक भाषा बोल्नेहरूबीचको लडाइँ तथा भिन्न संस्कार र संस्कृति मान्ने पक्षहरूबीच पनि विवाद रहेको र यसको लागि राष्ट्रिय निकायको गठनको मागदाबीका सम्बन्धमा हेर्दा नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएको र सबै धर्मालम्बीहरू, भाषाभाषीहरू एक आपसमा मिलेर बसिरहेको देश हो । अनेकतामा एकताको रूपमा छरिएर रहेका धार्मिक, भाषिक, सांस्कृतिक समूह नै नेपालको पहिचान हुँदा यी समूहबीचको विवादको कल्पना पनि गर्न नसकिने ।

निवेदकले के र कुन अवस्थामा कस्तो प्रकारको निकायको माग गर्नुभएको हो सो विशिष्ट (Specific) रूपमा उल्लेख नगरी सामान्यरूपमा मात्रै माग दाबी लिएको देखिन्छ । अदालतले सार्वजनिक सरोकारका नाममा कल्पना गरिएका कुरा तथा बौद्धिक बहसका कुराहरूमा प्रवेश गर्न सक्दैन । निवेदकको अस्पष्ट मागका आधारमा विभिन्न जातजाति तथा भाषाभाषीका बीचमा लडाइँ हुन्छ भन्ने अनुमानका आधारमा रिट जारी गर्न नसकिने ।

निवेदकहरूले माग गरेअनुरूप धार्मिक मन्दिर गुफा आदिमा दखल परेमा वा त्यस्ता सार्वजनिक प्रकृतिका वस्तुहरू कसैले मासे नासे वा हिनामिना हुन गएमा सम्बन्धित कानूनमा नै त्यसको उपचारको व्यवस्था गरिएको पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३, गुठी संस्थान ऐन, २०३३, स्थानीय प्रशासन ऐन, २०२८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानूनी व्यवस्थाले निवेदकहरूको माग सम्बोधन गर्न तथा उपचार प्राप्त गर्न सक्ने नै हुँदा अदालत प्रवेश गर्नु पर्ने देखिँदैन । जहाँ वैकल्पिक उपचारको मार्ग हुन्छ त्यस्तोमा सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**